# युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९

स्वीकृत मिति: २०७९/०८/१८

पहिलो संशोधन मिति: २०८१/०४/२४

**<u>प्रस्तावना</u> :** देशभित्र रोजगारीको अवसर सिर्जना गरी उपलव्ध अवसरहरुमा लक्षित वर्गको पहुँच अभिबृद्धि र रोजगार सेवा तथा सुविधाको विस्तारबाट श्रम बजारमा सुधार ल्याउने उद्देश्यका साथ विश्व बैंङ्कको ऋण सहायतामा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यो कार्यविधिको नाम "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ।[१]

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ भई आयोजना अवधिभर लागू हुनेछ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना दस्तावेज" भन्नाले युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना सञ्चालनका लागि नेपाल सरकार र विश्व बैङ्कले मिति २०७६/०८/११ मा स्वीकृत आयोजना दस्तावेजलाई सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले यस कार्यविधि अनुसार विश्व बैङ्कको ऋण सहायतामा सञ्चालन हुने युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई सम्झनु पर्छ।

(ग) "इकाई" भन्नाले दफा १० बमोजिमको आयोजना व्यवस्थापन इकाई सम्झनु पर्नेछ।

(घ) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सम्झनु पर्छ।

---

[१] पहिलो संशोधनबाट संशोधित

(च) “नियमावली” भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ लाई सम्झनु पर्छ।

(छ) “निर्देशक समिति” भन्नाले दफा ८ बमोजिमको आयोजना निर्देशक समिति सम्झनु पर्छ।

(ज) “निर्देशिका” भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ लाई सम्झनु पर्छ।

(झ) “प्राविधिक समिति” भन्नाले दफा ९ बमोजिमको आयोजना प्राविधिक समिति सम्झनु पर्छ।

(ञ) “बेरोजगार व्यक्ति” भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (ङ) ले परिभाषित गरेको व्यक्तिलाई सम्झनु पर्छ।

(ट) “मन्त्रालय” भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्नेछ।

(ठ) “युवा” भन्नाले यस आयोजनाको कार्यान्वयनमा सोह्र वर्ष उमेर पुरा भई चालिस वर्ष पुरा नभएको उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गी समेतलाई सम्झनु पर्छ।

(ड) “राष्ट्रिय आयोजना निर्देशक” भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रधानमन्त्री रोजगार कार्यक्रम हेर्ने राष्ट्रिय कार्यक्रम निर्देशकलाई सम्झनु पर्छ।

(ढ) “रोजगार आयोजना” भन्नाले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत छनौट भएका व्यक्तिहरुलाई एक आर्थिक बर्षमा १०० दिन सम्मको अस्थायी रोजगारी उपलब्ध गराउन स्थानीय तहले सञ्चालन गर्ने आयोजना तथा ज्याला भुक्तानी हुने सीप विकास सहितका क्रियाकलापहरू सम्झनु पर्छ।

(ण) “रोजगार संयोजक” भन्नाले निर्देशिकाको दफा ४५ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(त) “रोजगार सेवा केन्द्र” भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार स्थानीय तहमा सञ्चालन भएका सेवा केन्द्रलाई सम्झनु पर्छ।

(थ) “रोजगारी” भन्नाले न्यूनतम रोजगारी लगायत कार्यस्थलमा आधारित सीप विकास तालिम र जीवन उपयोगी सीप विकास तालिम सहितको एक आर्थिक वर्षमा एक सय दिनको अस्थायी रोजगार अवधीलाई सम्झनु पर्छ।

(द) “लक्षित वर्ग” भन्नाले दफा ६ बमोजिमको लाभग्राहीलाई सम्झनु पर्छ।

(ध) “विकास साझेदार” भन्नाले यस आयोजना सञ्चालनका लागि ऋण सहायता उपलव्ध गराउने विश्व बैङ्क समूहको अन्तर्राष्ट्रिय विकास संघलाई सम्झनु पर्छ।

(न) "वित्तीय सम्झौता" भन्नाले नेपाल सरकार र विश्व बैंङ्क बीच २०७६ मंसिर ११ मा आयोजना कार्यान्वयनका भएको वित्तीय सम्झौतालाई सम्झनु पर्छ।

(प) "सशर्त अनुदान" भन्नाले अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम यस आयोजना सञ्चालनका लागि प्रदेश सरकार तथा स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वयन गर्न उपलब्ध गराइएको अनुदान रकम सम्झनु पर्छ।

(फ) "सेवा प्रदायक" भन्नाले सेवा प्रदान गर्ने सरकारी, गैर-सरकारी, निजी, अथवा सामुदायिक संस्था, फर्म र व्यक्ति समेतलाई सम्झनु पर्छ।

(ब) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई बुझाउछ।

(भ) "वातावरण तथा सामाजिक संरक्षण खाका" भन्नाले नेपाल सरकारद्वारा तयार गरी २०७६ जेठ १५ मा सार्वजनिक गरी अंगिकार गरिएको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका लाई सम्झनु पर्छ।

## परिच्छेद-२

## आयोजनाको लक्ष्य, उद्देश्य र लक्षित वर्ग

३. **आयोजनाको लक्ष्य :** रोजगारीका अवसरहरुको सिर्जना, सीप तथा क्षमता अभिबृद्धि र रोजगार सेवाको विस्तार मार्फत युवाहरूको श्रम बजारको परिणाममा सुधार ल्याउनु यो आयोजनाको लक्ष्य हुनेछ। **स्पष्टिकरण :** श्रम बजारको परिणाम भन्नाले श्रमिकको आयमा वृद्धि तथा लक्षित वर्गको जीवनयापनमा सुधारको अवस्थालाई जनाउनेछ।

४. **आयोजनाको उद्देश्य :** यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध भई देहाय बमोजिमको उद्देश्यहरु प्राप्त गर्नेछ :-

(क) रोजगारीको सेवा, सुविधा र प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गर्ने,

(ख) रोजगारीका अवसरहरुको सिर्जना गर्ने,

(ग) रोजगार सेवाको प्रवर्द्धन मार्फत बेरोजगारीको दरलाई न्यूनीकरण गर्ने।

५. **आयोजनाका कम्पोनेन्ट :** यस आयोजना अन्तर्गत देहायका कम्पोनेन्टहरु रहनेछन :-

**(क) रोजगार प्रवर्द्धन प्रणाली र सेवाको सुदृढीकरण**

(१) रोजगारीको अवसरमा पहुँच वृद्धि गर्ने,

(२) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने।

(ख) **जोखिमपूर्ण अवस्थामा रहेका समूहका लागि श्रम बजारको उपलब्धिमा सुधार**

(२) सामुदायिक पूर्वाधारको मर्मत सम्भार तथा स्तरोन्नति र सार्वजनिक सेवा प्रवाहमा अल्पकालीन रोजगारी सिर्जना गर्ने,

(३) लाभग्राहीको रोजगार-योग्य क्षमतामा सुधार गर्ने।

(ग) **आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र क्षमता अभिबृद्धि :** आयोजना कार्यान्वयनका लागि व्यवस्थापकीय, अनुगमन तथा मूल्याङ्कन र संस्थागत क्षमता अभिबृद्धि गर्ने।

(घ) **विशेष अवस्था :** महामारीजन्य तथा अन्य आपतकालीन अवस्थामा आवश्यक रोजगारमूलक क्रियाकलाप गर्ने।

६. **लाभग्राही :** (१) रोजगार सेवा केन्द्रमा सूचीकृत लाभग्राही यस आयोजनाको लक्षित वर्ग हुनेछन्।

(२) रोजगार सेवा केन्द्रले लक्षित वर्गको छनौट गर्दा देहाय बमोजिमका समूहलाई प्राथमिकता दिनु पर्नेछ:-

(क) १८-४० वर्षका उमेर समूहबाट ६० प्रतिशत,

(ख) महिला समूहबाट ६० प्रतिशत

(३) उपदफा (२) बमोजिमको समूह प्राथमिकताबाट लाभग्राहीको छनौट हुन नसक्ने अवस्थामा इकाईको स्वीकृतिमा स्थानीय तहले अन्य समूहबाट पनि छनौट गर्न सक्नेछ।

## परिच्छेद-३

## संस्थागत व्यवस्था र भूमिका

७. **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय :** (१) आयोजना सञ्चालन, व्यवस्थापन, निर्देशन र नियन्त्रण गर्ने मुख्य जिम्मेवारी मन्त्रालयको हुनेछ।

(२) मन्त्रालयले विकास साझेदार, नेपाल सरकारको अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरू लगायत प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्य, समन्वयन र सहयोगमा आयोजनाको नीति, योजना, मापदण्ड र कार्यविधिहरु स्वीकृति, संरचनागत व्यवस्था र वित्तीय व्यवस्थापन गर्नेछ।

(३) आयोजना कार्यान्वयनको लागि मन्त्रालय अन्तर्गत अनुसूची-१ बमोजिमको संस्थागत संरचना रहनेछ।

८. **आयोजना निर्देशक समिति :** (१) यस आयोजनाको सञ्चालनका लागि नीतिगत र कार्यगत निर्देशन तथा अन्तर-मन्त्रालय र अन्तर-तहगत समन्वय गर्न एक आयोजना निर्देशक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(ङ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(च) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य

(छ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ज) सहसचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(झ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ञ) सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(ट) प्रतिनिधि, नेपाल नगरपालिका संघ -सदस्य

(ठ) प्रतिनिधि, नेपाल गाउँपालिका महासंघ -सदस्य

(ड) राष्ट्रिय आयोजना निर्देशक, आयोजना -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार विज्ञ तथा निजी क्षेत्रका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) नीतिगत तथा कार्यगत मार्गदर्शन प्रदान गर्ने,

(ख) अन्तर-तह र अन्तर-मन्त्रालय बिच समन्वय, सहकार्य र सहजीकरण गर्ने गराउने,

(ग) आयोजनाको योजना तथा वार्षिक समीक्षा तथा मूल्याङ्कन गर्ने गराउने,

(घ) अन्य आवश्यक कार्यहरू।

(४) निर्देशक समितिको बैठक एक आर्थिक बर्षमा कम्तीमा दुई पटक बस्नेछ।

९. **<u>आयोजना प्राविधिक समिति</u>** : (१) आयोजनालाई प्राविधिक मार्गदर्शन प्रदान गर्न देहाय बमोजिमको आयोजना प्राविधिक समिति रहनेछः-

(क) राष्ट्रिय आयोजना निर्देशक, आयोजना -संयोजक

(ख) उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ग) उपमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) निर्देशक, राष्ट्रिय तथ्याङ्क कार्यालय -सदस्य

(ङ) निर्देशक, सूचना प्रविधि विभाग -सदस्य

(च) निर्देशक, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग -सदस्य

(छ) निर्देशक, व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान -सदस्य

(ज) निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् -सदस्य

(झ) उप–सचिव, अनुगमन तथा मूल्याङ्कन शाखा,
प्रधानमन्त्री रोजगार कार्यक्रम -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली, कार्यस्थलमा आधारित सीप विकास तालिम र रोजगार प्रवर्द्धन लगायतका प्राविधिक बिषयमा निर्देशक समितिलाई सिफारिस गर्ने,

(ख) आयोजना सञ्चालनमा देखा परेका प्राविधिक चुनौतिहरुको समिक्षा गरी सुझाव सहित निर्देशक समितिलाई सिफारिस गर्ने,

(ग) आयोजना सञ्चालनमा हुन सक्ने दोहोरोपना हटाउन तथा अन्य आयोजनाहरुले सञ्चालन गरेका क्रियाकलाप वीच सामन्जस्यता तथा सहकार्यतामा अभिबृद्धि ल्याउने कार्ययोजना सिफारिस गर्ने,

(घ) इकाईलाई आवश्यक परेको प्राविधिक सहायता प्रदान गर्ने या सिफारिस गर्ने,

(ङ) अन्य कार्य गर्ने गराउने।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

१०. **आयोजना व्यवस्थापन इकाई** : (१) आयोजनाको सञ्चालन तथा व्यवस्थापन गर्न राष्ट्रिय आयोजना निर्देशकको नेतृत्वमा आयोजना व्यवस्थापन इकाई रहनेछ।

(२) उपदफा १ बमोजिमको इकाईमा रहने कर्मचारी र परामर्शदाताको व्यवस्था र काम, कर्तव्य तथा जिम्मेवारी अनुसूची-२ बमोजिम हुनेछ।

(३) इकाईको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

**(क) आयोजना व्यवस्थापन सम्बन्धी**

(१) आयोजनाको वित्तीय सम्झौता, आयोजना दस्तावेज, आयोजना सञ्चालन कार्यविधि र निर्देशक समितिको निर्णय बमोजिम आयोजना सञ्चालन गर्ने,

(२) आयोजना सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधि, मापदण्ड र मार्गदर्शन तर्जुमा गर्ने,

(३) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,

(४) खरिद योजना तयार गरी कार्यान्वयन गर्ने,

(५) सरोकारवाला निकाय र तह संग समन्वय र सहकार्य गर्ने,

(६) विश्व बैंङ्क तथा अन्य विकास साझेदारहरु सँग आयोजना सम्बन्धी विषयमा सम्पर्क र समन्वय गर्ने,

(७) यस कार्यविधि अन्तर्गत गठित समितिहरुको वैठक व्यवस्थापन गर्ने,

(८) वातावरण तथा सामाजिक संरक्षण खाका अनुसार सञ्चालन भएको सुनिश्चित गर्ने गराउने,

(९) इकाईमा रहने परामर्शदाताको नियुक्ति गर्ने,

(१०) सुदृढिकरण र क्षमता अभिबृद्धिका कार्यक्रम तर्जूमा र कार्यान्वयन गर्ने गराउने,

(११) बेरोजगार सहायता कार्यक्रम तर्जूमा, कार्यक्रमको र व्यवस्थापन गर्ने गराउने,

(१२) गुनासो सुन्ने संयन्त्रको निर्माण गरी गुनासो सुनुवाईको व्यवस्था गर्ने गराउने,

(१३) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको निर्माण गर्ने गराउने।

**(ख) सञ्चार तथा पहुँच सम्बन्धी**

(१) आयोजनाको सूचना र सञ्चार रणनीति तय गरी कार्यान्वयन गर्ने गराउने,

(२) लक्षित वर्ग सम्म सूचनाको पहुँच अभिबृद्धिका अभियान सञ्चालन गर्ने गराउने।

(३) कार्यक्रमका सम्बन्धमा आम सञ्चारबाट प्रचार प्रसार गर्ने गराउने।

**(ग) वित्तीय व्यवस्थापन सम्वन्धी**

(१) आयोजनाको लागि बजेट निकाशा, खर्चको लेखाङ्कन तथा वित्तीय प्रतिवेदन र लेखापरीक्षण गराउने,

(२) आयोजनाको एकिकृत आर्थिक प्रतिवेदन तयार गरी विश्व बैंङ्कबाट खर्चको सोधभर्ना लिने,

(३) बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि स्थानीय तहलाई मार्गदर्शन गर्ने।

**(घ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी**

(१) आयोजनाको अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्ने,

(२) आयोजनाको वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी नियमित र आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने

(३) आयोजनाको उद्देश्य अनुसार चौमासिक, वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना र प्रगति प्रतिवेदनहरु तयार गर्ने,

(४) आवश्यता अनुसार अन्य कार्यहरु गर्ने।

११. **<u>प्रदेश आयोजना संयोजक</u> :** (१) निर्देशिकाको दफा ४९ बमोजिमको प्रदेश स्तरीय रोजगार संयोजकले यस आयोजनाको प्रदेश आयोजना संयोजकको रुपमा जिम्मेवारी वहन गरी आयोजनाको कार्यान्वयन र अनुगमनमा सहयोग तथा सहजीकरण गर्नु पर्नेछ।

(२) प्रदेश आयोजना संयोजकको कार्यविवरण र परिचालन इकाईले तोके बमोजिम हुनेछ ।

(३) प्रदेश आयोजना संयोजकलाई सहयोग गर्न आवश्यकता अनुसार इकाईले सहायक कर्मचारी नियुक्ति गर्न सक्नेछ।

१२. **<u>स्थानीय तह</u> :** (१) स्थानीय तहको क्षेत्राधिकारमा आयोजनाको वार्षिक बजेट कार्यक्रम तर्जुमा र स्वीकृत गर्ने, आयोजनाको सञ्चालन, व्यवस्थापन र नियमित प्रतिवेदन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको जिम्मेवारी देहाय बमोजिम हुनेछ:-

(क) रोजगार सेवा केन्द्रमा आयोजनाको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्ने,

(ख) वार्षिक योजना तयार गर्ने, बजेट व्यवस्थापन गर्ने र कार्यक्रम सञ्चालन गर्ने,

(ग) आयोजनाको लागि लाभग्राहीहरुको छनौट तथा परिचालन गर्ने,

(घ) आयोजना छनौट तथा कार्यान्वयनका लागि वडा समितिलाई जिम्मेवार गराई परिचालन गर्ने।

(३) नियमावलीको नियम १४ बमोजिमको स्थानीय निर्देशक समिति यस आयोजनाको सञ्चालनमा देहायको काम, कर्तव्य र अधिकार हुनेछ:-

(क) रोजगार व्यवस्थापन सूचना प्रणालीबाट उपलब्ध बेरोजगार व्यक्तिको प्राथमिकता सूची कार्यपालिकामा सिफारिस गर्ने,

(ख) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने गराउने।

(४) आयोजना कार्यान्वयनमा वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बेरोजगार आवेदन फाराममा भएका विवरण रूजु गरी विवरण ठिक भएका आवेदनहरूलाई सूचीमा दर्ताको लागि सिफारिस गर्ने,

(ख) कामदारहरूको हाजिरी रूजू गरी पारिश्रमिक भुक्तानीको लागि कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने,

(ग) आयोजना तथा रोजगारीको सम्बन्धमा वडा स्तरमा सूचनाको सम्प्रेषण गर्ने।

(५) आयोजना कार्यान्वयनमा वडा कार्यालयको वडा समितिको काम, कर्तव्य र अधिकार देहाय जिम्मेवारी बमोजिम हुनेछ:-

(क) बेरोजगारको आवेदन प्रक्रियामा सहजीकरण,

(ख) प्राप्त आवेदनहरू वडा समितिमा पेश गर्ने,

(ग) उजुरी तथा गुनासो सङ्कलन र व्यवस्थापन गर्ने,

(घ) वडा समिति सदस्यलाई रोजगार आयोजना कार्यान्वयन, अनुगमन र सहजिकरणको लागि जिम्मेवारी दिने।

**१३. <u>रोजगार सेवा केन्द्र</u> :** (१) निर्देशिकाको दफा ४४ बमोजिमको रोजगार सेवा केन्द्रले यस आयोजनाको रोजगार सेवा केन्द्रको रुपमा कार्य गर्नुपर्नेछ।

(२) रोजगार सेवा केन्द्रको काम कर्तव्य र अधिकार निर्देशिकाको दफा ४४ को उपदफा (२) बमोजिम हुनेछ।

**१४. <u>आयोजनाको लागि पदपूर्ति</u> :** (१) इकाईमा रहने कर्मचारीको व्यवस्था मन्त्रालयले गर्नेछ।

(२) इकाईले इकाईमा रहने परामर्शदाता विकास साझेदारको सहमतिमा प्रचलित खरिद विधि अवलम्वन गरी पदपूर्ति गर्नेछ।

(३) रोजगार सेवा केन्द्रको रोजगार संयोजकले स्थानीय तहमा यस आयोजनाको समेत संयोजकको रुपमा जिम्मेवारी वहन गर्नेछ।

(४) यस आयोजनाका कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रका खटिने कर्मचारीको दरबन्दी देहाय बमोजिम हुनेछ:-

(क) स्थानीय सेवाको पाँचौ तह सरहको एक रोजगार सहायक,

(ख) स्थानीय सेवाको पाँचौ तह सरहको प्राविधिक सहायक,

(ग) तोकिएको स्थानीय तहमा स्थानीय सेवाको पाँचौ तह सरहको युवा सहजकर्ता।

(५) उपदफा (४) बमोजिमका दरबन्दीमा रहने कर्मचारीको छनौट तथा पदपूर्ति मन्त्रालयबाट जारी मापदण्ड बमोजिम सम्बन्धित स्थानीय तहबाट हुनेछ।

**१५. <u>कार्य सम्पादन मूल्याङ्कन गर्नु पर्ने</u> :** (१) इकाईमा रहने परामर्शदाताको मूल्याङ्कन करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) स्थानीय तहमा रहने करारका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन र सेवाबाट हटाउने व्यवस्था निर्देशिकाको दफा ४८ को उपदफा (५) बमोजिमको मापदण्डले तोके बमोजिम हुनेछ।

## परिच्छेद-४
## न्यूनतम रोजगारी कार्यावन्यन सम्बन्धी व्यवस्था

१६. **न्यूनतम रोजगार कार्यक्रम सञ्चालन :** आयोजनाले स्थानीय तहमा सूचिकृत बेरोजगारको संख्या, मानव विकास सूचकाकं लगायतका आधारमा प्रति स्थानीय तह औषत चालिस जना बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलव्ध गराउन न्यूनतम् रोजगारीको कार्यक्रम सञ्चालन गर्नेछ।[३]

१७. **बेरोजगार व्यक्ति आवेदन तथा सूचीकरण प्रक्रिया :** (१) न्यूनतम रोजगार कार्यक्रममा सहभागी हुन नियमावलीको नियम ७ बमोजिम आगामी आर्थिक वर्षकोलागि निर्देशिकाको अनुसूची-१ को ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदन सम्बन्धित रोजगार सेवा केन्द्रमा समेत पेश गर्न सकिनेछ। रोजगार सेवा केन्द्रले यसरी प्राप्त निवेदनहरुलाई सम्बन्धित वडा कार्यालयमा प्रमाणिकरणको लागि पठाउनु पर्नेछ।

(३) वडा कार्यालयले उपदफा (२) बमोजिम प्राप्त निवेदनको जाँच गरी सिफारिस सहित १५ दिन भित्र रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) र उपदफा (३) बमोजिम प्राप्त निवेदनको विवरण अपूर्ण भएमा रोजगार सेवा केन्द्रले आवेदनको विवरण संसोधनका लागि सम्बन्धित वडा कार्यालयलाई सात दिन भित्र पत्राचार गर्नु पर्नेछ।

(५) बेरोजगार सूचीकरण तथा प्राथमिकिकरण सम्बन्धी अन्य व्यवस्था बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ बमोजिम हुनेछ।

१८. **रोजगारीमा खटाउनु पर्ने :** (१) रोजगार सेवा केन्द्रले सम्बन्धित स्थानीय तहको बेरोजगार व्यक्ति प्राथमिकिकरण सूचीको उपल्लो प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिलाई दफा ६ ले तोकेको प्राथमिकता बमोजिम रोजगारीमा खटाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपल्लो प्राथमिकता क्रममा बेरोजगार व्यक्तिहरु उपलब्ध हुन नसकेको अवस्थामा सो भन्दा तल्लो प्राथमिकता क्रममा रहेका व्यक्ति छनौट गर्न सकिनेछ।

(३) छनौट भएका बेरोजगार व्यक्तिलाई दफा १६ बमोजिमको न्यूनतम रोजगार तथा दफा ३२ बमोजिमका सीप विकास तालिममा सहभागी गराउनु पर्नेछ।

---
[३] पहिलो संशोधनबाट संशोधित

१९. **<u>रोजगारीमा छनौटको जानकारी</u>** : (१) दफा १८ बमोजिम छनौट भएका बेरोजगार व्यक्तिको सूची रोजगार सेवा केन्द्र तथा सम्बन्धित वडा कार्यालयबाट प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा रहेका बेरोजगार व्यक्तिलाई रोजगार सेवा केन्द्र र वडा कार्यालयले सम्बन्धित व्यक्तिलाई रोजगारीमा संलग्न हुन सूचना प्रवाह गर्नु पर्नेछ।

(३) छनौट भएका व्यक्तिले रोजगार सेवा केन्द्रमा तोकिएको समयमा सम्पर्क राख्नु पर्नेछ।

२०. **<u>अशक्त र गर्भवतीका लागि विशेष रोजगारी सिर्जना गर्न सक्ने</u>** : रोजगारीका लागि छनौट भएका बेरोजगार व्यक्तिहरु मध्ये शारीरिकरुपमा अशक्त भएमा वा छ महिना भन्दा बढिको गर्भवती महिला भएको अवस्थामा निजको आवश्यकता र शारीरिक अशक्तताको हेरी स्थानीय तहले बिशेष रोजगारीको व्यवस्था गरी कार्यान्वयन गर्न सक्नेछ।

२१. **<u>बैङ्क खाता अध्यावधिक गर्नु पर्ने</u>** : (१) रोजगार सेवा केन्द्रले लाभग्राहीको बैङ्क खाताको विवरण अनिवार्य रुपमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(२) बैङ्क खाता नभएका लाभग्राहीको बैंङ्क खाता खोल्न रोजगार सेवा केन्द्रले सहजिकरण गर्नु पर्नेछ।

२२. **<u>अभिमुखिकरण गर्नु पर्ने</u>** : रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउनु पूर्व निर्देशिकाको दफा ५८ बमोजिमको अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

२३. **<u>रोजगार आयोजना कार्यान्वयनका क्षेत्रहरु</u>** : (१) यस आयोजनाको कामकालागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ अन्तर्गत मर्मत सम्भारका मात्र रोजगार आयोजना कार्यान्वयन गर्नु पर्नेछ।

(२) मन्त्रालयले वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन मार्फत तोकेको अवस्थामा सार्वजनिक सेवा प्रवाहसंग सम्बन्धित देहायका अन्य क्षेत्रमा समेत रोजगारी सिर्जनाका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-

(क) बालबालिका तथा ज्येष्ठ नागरिक स्याहार,

(ख) खेलकुद,

(ग) बालबालिकाको प्रारम्भिक शिक्षा,

(घ) स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतनामूलक क्रियाकलाप।

(३) आयोजनाको वित्तीय श्रोतबाट देहायका प्रकृतिका रोजगार आयोजना कार्यान्वयन गर्न सकिने छैनः-

(क) उपदफा (१) र (२) मा उल्लेख गरिएको भन्दा फरक ढाँचाका,

(ख) स्थानीय तहको योजना तर्जुमा चरण पुरा नभएका,

(ग) भूमि अधिग्रहण तथा पुनर्वास सम्बन्धित,

(घ) पुरातात्विक महत्वका सम्पदालाई नकारात्मक प्रभाव पार्ने,

(ङ) संरक्षित क्षेत्र तथा वातावरणीय जोखिम रहेका,

(च) भुस्खलन हुन सक्ने, जैविक विविधतामा ह्रास ल्याउने, खानेपानीको गुणस्तर तथा परिमाणलाई घटाउने तथा वातावरणलाई नकारात्मक प्रभाव पार्ने,

(छ) मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा जोखिम सिर्जना गर्ने, र

(ज) यस कार्यविधिको परिच्छेद-१३ बमोजिमको वातावरण तथा सामाजिक संरक्षण खाकाले कार्यान्वयन योग्य नरहेको भनी किटान गरेका।

२४. **रोजगार आयोजना तर्जूमा :** (१) स्थानीय तहले रोजगार आयोजना तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को प्रक्रिया अवलम्वन गर्नुपर्नेछ।

(२) रोजगार सेवा केन्द्रले यस आयोजनाको लागि रोजगार आयोजना तर्जूमा गर्ने चरणमा सम्बन्धित वडा समितिलाई सहयोग गर्नुपर्नेछ।

(३) रोजगार सेवा केन्द्रले दफा २३ बमोजिमको मापदण्ड पुगेका रोजगार आयोजनाको सूची स्थानीय निर्देशक समितिको सिफारिसमा गाउँ/नगर कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत रोजगार आयोजना र बजेट स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको हुनु पर्नेछ।

२५. **रोजगार उपभोक्ता समिति गठन गर्नु पर्ने :** (१) स्थानीय तहले रोजगार आयोजना सञ्चालनका कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ११ बमोजिमको रोजगार उपभोक्ता समितिको गठन गर्नु पर्नेछ।

(२) समितिको काम कर्तव्य र जिम्मेवारी कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १२ बमोजिम हुनेछ।

(३) साझेदारीमा सञ्चालन हुने रोजगार आयोजनामा श्रमिकको परिचालन भएको अवस्थामा वा एक लाख भन्दा न्यून लागत अनुमान भएका रोजगार आयोजना कार्यान्वयनका लागि रोजगार उपभोक्ताको गठन आवश्यक पर्ने छैन। अमानत प्रक्रियाबाट कार्यान्वयन भएका आयोजनाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

२६. **लाभग्राही परिचय पत्र उपलव्ध गराउनु पर्ने :** रोजगार सेवा केन्द्रले लाभग्राहीलाई रोजगारीमा खटाउनु पुर्व निर्देशिकाको दफा १८ को उपदफा (४) बमोजिम लाभग्राही परिचय पत्र उपलव्ध गराउनु पर्नेछ।

२७. **लाभग्राहीको दैनिक हाँजिरी हुनु पर्ने :** (१) रोजगारीमा खटिएका लाभग्राहीले प्रत्येक दिनको काम सुरु हुँदा र काम सके पश्चात कार्यस्थलमा नै हाँजिरी गर्नु पर्नेछ।

(२) लाभग्राहीको हाजिरी गर्ने गराउने एवम् हाजिरीको प्रतिवेदन मासिक रुपमा रोजगार सेवा केन्द्रलाई उपलव्ध गराउने जिम्मेवारी दफा २५ बमोजिमको रोजगार उपभोक्ता समितिको हुनेछ।

२८. **<u>श्रमिकको दैनिक ज्याला दर र भुक्तानी</u> :** (१) लाभग्राहीको दैनिक ज्याला दर निर्देशिकाको दफा २७ को उपदफा (१) बमोजिम हुनेछ।

(२) लाभग्राहीलाई ज्याला भुक्तानी निर्देशिकाको दफा २७ को उपदफा (२) बमोजिम मासिक रुपमा गर्नु पर्नेछ।

२९. **<u>बैङ्क मार्फत भुक्तानी गर्नु पर्ने</u> :** (१) लाभग्राहीलाई ज्यालाको भुक्तानी अनिवार्यरुपमा बैङ्क खाता मार्फत गर्नु पर्नेछ।

(२) बैंकिङ्ग सेवा उपलव्ध नभएको वा पहुँच योग्य नभएको वा अन्य विशेष अवस्था सिर्जना भएको अवस्थामा नगदमा नै ज्यालाको भुक्तानी गर्नु परेमा स्थानीय तहले देहायको प्रक्रिया अवलम्वन गर्नु पर्नेछः-

(क) स्थानीय तहले रोजगार उपभोक्ता समितिको खातामा ज्याला वापतको रकम उपलव्ध गराउने।

(ख) उपभोक्ता समितिले रकम निकाल्न निर्णय गर्नुपर्ने।

(ग) बैङ्कबाट रकम निकाल्न तथा उक्त नगद रकमको सुरक्षा गर्ने जिम्मेवारी समितिको हुने।

(घ) ज्याला भुक्तानी हुने दिन र समयको सम्बन्धमा उपभोक्ता समितिले सबै लाभग्राहीलाई जानकारी गराउनु पर्ने।

(ङ) ज्यालाको भुक्तानी गर्दा सम्बन्धित वडा समितिको कम्तिमा एक जना सदस्य उपस्थित हुनु पर्ने।

(च) ज्यालाको भुक्तानी र बाँकी रकमको विवरण ७ दिनभित्र रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

३०. **<u>ज्यालाको रकम निर्धारण गर्नु पर्ने</u> :** (१) लाभग्राहीको ज्याला निर्धारण कामका लागि पारिश्रमिक आयोजनामा भएको भौतिक प्रगतिको आधारमा गर्नु पर्नेछ।

(२) ज्यालाको निर्धारण गर्दा रोजगार आयोजनाको प्राविधिक मुल्याङ्कन गरी ज्यालामा आउने कूल रकमको निर्धारण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको ज्यालाको निर्धारण गर्दा रोजगार आयोजनाको भौतिक प्रगति र न्यूनतम् ज्याला बिच सामान्जस्यता सुनिश्चितता भएको हुनुपर्नेछ ।

३१. **बीमा तथा कार्यस्थलमा सुरक्षाः** रोजगार आयोजनामा खटाइएका लाभग्राहीको कार्यस्थलमा सुरक्षा तथा बीमा सम्बन्धी व्यवस्था निर्देशिकाको दफा ८७ र यस कार्यविधिको दफा ७४ उपदफा ६ बमोजिम हुनुपर्नेछ।[३]

## परिच्छेद-५

## सीप विकास तथा जीवन उपयोगी तालिम

३२. **सीप विकास तालिम सञ्चालन :** (१) दफा १७ बमोजिम छनौट भएका लाभग्राहीको रोजगार योग्य क्षमता अभिबृद्धि गर्न चालीस दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास र दश दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कूल पचास दिनसम्मको सीप विकास तालिम सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम तालिममा सहभागी लाभग्राहीलाई दैनिक हाजिरीको आधारमा दफा २८ को उपदफा (१) बमोजिमको ज्याला दर अनुसार भुक्तानी गर्नु पर्नेछ।

३३. **कार्यस्थलमा आधारित सीप विकास तालिमको पाठ्यक्रम तर्जुमा :** (१) दफा ३२ को उपदफा (१) बमोजिमको कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गर्न इकाईले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षलाई समेटी देहायका विषयमा पाठ्यक्रम निर्माण गर्नेछः-

(क) सडक मर्मत तथा सम्भार,

(ख) सिकर्मी,[४]

(ख१) डकर्मी,[५]

(ग) प्लम्बर,

(घ) इलेक्ट्रिसियन, र

(ङ) इकाईले उपयुक्त देखेको अन्य रोजगारमूलक तालिम।

(२) पाठ्यक्रम र सो को मापदण्ड व्यावसायिक तथा सीपमूलक तालिम प्रतिष्ठान वा अन्य सरकारी निकायले निर्धारण गरे बमोजिम हुनेछ।

(३) स्थानीय तहले तालिम सञ्चालन गर्दा आफ्नो क्षेत्रधिकार अन्तरगत रहेका सरकारी,निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ।

---

[३] पहिलो संशोधनबाट संशोधित

[४] पहिलो संशोधनबाट संशोधित

[५] पहिलो संशोधनबाट थप

**३४. <u>जीवन उपयोगी तालिम पाठ्यक्रम</u> :** (१) जीवन उपयोगी तालिमको पाठ्यक्रम तय गर्दा बिषयहरु समावेश गर्नु पर्नेछ :-

(क) समस्या पहिचान तथा निर्णय गर्ने क्षमता,

(ख) प्रभावकारी सञ्चार, सामुहिक कार्य सम्पादन, सम्बन्ध विस्तार तथा द्वन्द्व समाधान,

(ग) जागरुकता, आत्मसम्मान, विचार सम्प्रेषण तथा तनाव व्यवस्थापन सम्बन्धी सचेतना,

(घ) यौन तथा प्रजनन्, परिवार नियोजन, महिला हिंसा र महिला सशक्तिकरण,

(ङ) वित्तीय साक्षरता,

(च) श्रम बजार र सोको लागि आवश्यक पर्ने आचरण,

(क) श्रम कानून संगसम्बन्धित व्यावसायिक स्वास्थ्य तथा सुरक्षा र श्रमिकको अधिकार।

(२) जीवन उपयोगी तालिम सञ्चालनमा गर्दा रोजगार सेवा केन्द्रले देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) लाभग्राहीको संख्याको आधारमा तालिम लिने समूहको निर्माण गर्नु पर्ने,

(ख) तालिम सञ्चालन हुने उपयुक्त स्थानको छनौट गर्नु पर्ने,

(ग) तालिम सञ्चालनका लागि दिन र समयतालिका लगायतको निर्धारण,

**३५. <u>तालिम सञ्चालन प्रक्रिया</u>[६] :** (१) इकाईले दफा ३२ बमोजिमको तालिम सञ्चालन हुने स्थानीय तहको निर्क्योल गरि सशर्त अनुदान उपलव्ध गराउनु पर्नेछ।

(२) स्थानीय तहले नेपाल सरकारबाट सञ्चालन भएका सीप विकास प्रतिष्ठान मार्फत वा निजी तालिम प्रदायक संस्थाबाट दफा ६१ बमोजिम सेवा प्रदायक छनौट गरि तालिम सञ्चालन गर्नुपर्नेछ।

(३) तालिम सञ्चालन गर्दा ईकाइले दफा ३३ को उपदफा (१) बमोजिम उपलव्ध गराएका बिषयका पाठ्यक्रम मध्येबाट तालिम सञ्चालन गर्न सक्नेछन्।

---

[६] पहिलो संशोधनबाट संशोधित

## परिच्छेद-६

## रोजगार सेवाको विस्तार तथा सुदृढिकरण

३६. **रोजगार सेवा केन्द्रको सुदृढीकरण :** स्थानीय तहमा श्रम र रोजगार सम्बन्धी सेवा प्रदान गर्ने केन्द्रको रुपमा रोजगार सेवा केन्द्रलाई विकास गर्न देहायका सुदृढिकरणका क्रियाकलाप सञ्चालन गर्नेछ :-

(क) आयोजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्न र निर्देशिकाको दफा ४४ को उपदफा (२) ले तोकेका रोजगार सेवा केन्द्रको काम, कर्तव्य र जिम्मेवारीलाई सबल र प्रभावकारी बनाउन अभिमूखिकरण तथा दक्षता अभिबृद्धि सम्बन्धी क्रियाकलाप,

(ख) सेवा केन्द्रमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धि सम्बन्धी क्रियाकलाप,

(ग) रोजगार सेवा केन्द्रमा आवश्यक उपकरण, फर्निचर र सवारी साधन लगायतका सामग्रीको व्यवस्था,

(घ) रोजगार सेवा केन्द्रको प्रभावकारी सञ्चालनका लागि थप कर्मचारीको व्यवस्था।

३७. **नमूना रोजगार सेवा केन्द्र सञ्चालन :** (१) आन्तरिक रोजगार प्रवर्द्धन र स्थानीय तहमा श्रम तथा रोजगारीको एकिकृत सेवा र सो को विस्तारका लागि आयोजनाले विकास साझेदारको सहमतीमा स्थानीय तहको छनौट गरी नमूना रोजगार सेवा केन्द्रको सञ्चालन गर्न सक्नेछ।

(२) नमूना रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

३८. **क्षमता विकास :** (१) रोजगारीको व्यवस्थापन, रोजगार सेवाको विस्तार तथा श्रम बजारको माग र आपूर्तिका सम्बन्धमा प्राविधिक र व्यवस्थापकीय क्षमता विकास गर्न मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहका लागि क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षमता विकासका लागि इकाईले अध्ययन, अवलोकन, अभिमुखिकरण र कार्यशाला गोष्ठी लगायतका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

(३) इकाईले सेवा प्रदायकको सेवा खरिद गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न गराउन सक्नेछ।

३९. **संस्थागत सुदृढिकरण :** (१) रोजगार प्रणालीको प्रवर्द्धन र सेवाको सुदृढीकरण गर्न इकाईले आवश्यक पर्ने पद्दतिको निर्माण तथा सञ्चालन एवम् यन्त्र, उपकरण, फर्निचर र सवारी साधन लगायतका सामग्रीहरु खरिद गर्न सक्नेछ।

(२) इकाईले सस्थागत सुदृढीकरणका लागि आवश्यक श्रव्य, दृष्य र छापा सामाग्रीहरुको उत्पादन, वितरण र प्रशारण गर्न सक्नेछ।

४०. **<u>रोजगार प्रवर्द्धन सेवा</u> :** (१) ऐनको दफा २० तथा नियमावलीको नियम १७ संग सम्बन्धित बेरोजगार सहायताका क्रियाकलाप तथा मन्त्रालय तथा मातहतका निकायबाट प्रवाह हुने सेवालाई समेत एकिकृत तवरबाट रोजगार सेवा केन्द्र मार्फत सेवा प्रवाह गर्न स्थानीय तहले देहायका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ :-

(क) स्थानीय तहको रोजगार रणनीतिको तर्जूमा तथा कार्यान्वयन,

(ख) बेरोजगारी/रोजगारीको क्यालेण्डर तर्जुमा,

(ग) रोजगारदाताको प्रोफाइल निर्माण र अध्यावधिक,

(घ) रोजगारीका संभावना र अवसर सम्वन्धी सहभागीतामूलक लेखाजोखाद्वारा विवरण निर्माण र अधावधिक,

(ङ) श्रम बजारको माग बमोजिमको सीप तथा दक्षता अभिबृद्धि गर्ने क्रियाकलाप,

(च) रोजगार विनिमय सेवा,

(छ) आन्तरिक तथा वैदेशिक रोजगारीका अवसरहरुको जानकारी दिने,

(ज) उद्यमशिलता विकास, स्वरोजगारका अवसर एवम् सहूलियतपूर्ण कर्जाका प्रावधानका सम्बन्धमा जानकारी दिने,

(झ) सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई पुनर्एकिकरण लगायतका विषयको सेवा प्रवाह,

(ञ) श्रम बजारमा पहुँच अभिबृद्धि गर्न महिला लक्षित रोजगार तयारी क्लवको सञ्चालन।

(२) स्थानीय तहमा रहेका सबै नेपाली नागरिकले उपदफा (१) बमोजिमको बेरोजगार सहायता प्राप्त गर्न सक्नेछन्।

(३) बेरोजगार सहायता प्राप्त गर्न इच्छुक व्यक्तिले उपदफा (३) मा रहेको विवरण सहित रोजगार सेवा केन्द्र वा वडा कार्यालयमा सम्पर्क राख्न वा उपलव्ध भएसम्म अनलाईन मार्फत निवेदन दिन सक्नेछन्।

(४) रोजगार सेवा केन्द्रले बेरोजगार सहायता प्राप्त गर्न इच्छुक व्यक्तिको शैक्षिक योग्यता, कार्य अनुभव र सीप तथा दक्षताको विवरण सहित निजको सामाजिक र आर्थिक अवस्था खुलाई निजले प्राप्त गर्न खोजेको वा प्राप्त गरेको बेरोजगार सहायताको विवरणलाई राष्ट्रिय रोजगार व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

४१. **<u>रोजगार विनिमय सेवाको सञ्चालन</u> :** (१) रोजगार सेवा केन्द्रले न्यूनतम रोजगारीका लागि सूचीकृत तथा दफा ३३ बमोजिम बेरोजगार सहायताका प्राप्तिका लागि दर्ता भएका व्यक्तिहरुको योग्यता, दक्षता, अनुभव र सीप सहितको विवरण अद्यावधिक गर्नु पर्नेछ।

(२) रोजगार सेवा केन्द्रमा निर्देशिकाको दफा २३ बमोजिम वा रोजगारदातासंगको छलफलमा श्रमिकको माग भई आएमा निर्देशिकाको दफा २४ बमोजिम श्रमिकको योग्यता, दक्षता, अनुभव र सीप सहितको विवरण पठाउनु पर्नेछ।

(३) रोजगारदाताले उपदफा (२) बमोजिम प्राप्त भएको श्रमिकको विवरणबाट रोजगारीमा संलग्न गराउन उपयुक्त सीप तथा क्षमता नभएको उल्लेख भएको पत्राचार गरेको अवस्थामा रोजगारीमा पदस्थापना गराउने शर्तमा रोजगार सेवा केन्द्रले सम्बन्धित रोजगारदाताबाट निर्देशिकाको दफा ५२ बमोजिम सीप विकास क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

४२. **रोजगारीको लागि तयारी क्लव** : (१) महिलालाई श्रम बजारमा प्रवेश वा पुन: प्रवेश गराउन आवश्यक सीप विकास, सरसल्लाह तथा मार्गदर्शन उपलब्ध गराउन रोजगारीको लागि तयारी क्लव सञ्चालन गर्न सक्नेछ।

(२) इकाईले उपदफा (१) बमोजिम श्रम बजारमा प्रवेश गराउन सकिने सम्भावना रहेका तीस वटा स्थानीय तहको छनौट गर्नु पर्नेछ।[७]

(३) क्लवको सञ्चालन प्रक्रिया, उपलव्ध सेवा तथा आवश्यक पाठ्यक्रम इकाईले तोके बमोजिम हुनेछ।

(४) आयोजनाले क्लव सञ्चालनको लागि युवा सहजकर्ता नियुक्त गर्न सक्नेछ। सहजकर्ताको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) रोजगार सेवा केन्द्रको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा रही क्लव सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने,

(ख) सहजकर्ताले उपदफा (२) को प्रक्रिया, सेवा र पाठ्यक्रम बमोजिम स्थानीय आवश्यकता क्लवमा सहभागी हुने महिलाको अनुभव, सीप तथा शैक्षिक स्तरको आधारमा क्लवको निर्माण गर्नु पर्नेछ। यस्तो क्लवको निर्माण गर्दा प्रत्येक क्लवमा तीस जना भन्दा अधिक सहभागी गराउन पाइने छैन।

(ग) सहजकर्ताले प्रत्येक क्लवमा सहभागी मध्येबाट एक जना क्लव संयोजकको चयन गरी कल्वको गठन एवम् गठन भएको १५ दिन भित्र क्लवमा सञ्चालन हुने क्रियाकलापको विवरण रोजगार सेवा केन्द्रमा पेश गर्नु पर्नेछ।

(घ) क्लव सञ्चालन र प्रगतिको विवरण नियमितरुपमा रोजगार सेवा केन्द्रलाई प्रतिवेदन गर्ने।

---

[७] पहिलो संशोधनबाट संशोधित

४३. **स्थानीय रोजगार रणनीतिको निर्माण** : (१) स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था, र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा सङ्ख्या पहिचान गरी दीर्घकालीन रोजगार रणनीति तर्जूमा गर्नु पर्नेछ।

(२) रणनीति तर्जूमा गर्दा रोजगारीको सम्भाव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण गर्नु पर्नेछ।

(३) स्थानीय तहको रोजगार रणनीति तर्जूमा गर्न रोजगार सेवा केन्द्रले सहयोग गर्नु पर्नेछ।

(४) इकाईले रोजगार रणनीति तर्जूमा गर्न स्थानीय तहलाई मार्गदर्शन उपलव्ध गराउन सक्नेछ।

## परिच्छेद-७

## वित्तीय व्यवस्थापन तथा खर्च प्रणाली

४४. **वित्तीय व्यवस्थापन** : (१) विकास साझेदार संग भएको वित्तिय सम्झौताको प्रतिकुल नहुने गरी इकाईले बजेट तर्जुमा, कोषप्रवाह, खर्च, लेखाकंन, प्रतिवेदन, आन्तरिक र अन्तिम लेखा परीक्षण कार्य गर्नु गराउनु पर्नेछ।

(२) आयोजनाको वित्तीय व्यवस्थापन वित्तीय सम्झौताको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६, अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ आर्थिक कार्यविधि नियमावली, २०७७ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

(३) इकाईको खर्चको लेखाङ्कन तथा आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी मन्त्रालयको र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) इकाईले स्थानीय तहलाई सशर्त अनुदान लाइन मिनिस्ट्रि बजेट इन्फरमेसन सिस्टम-(एल.एम.वि.आइ.स.) मार्फत सुत्र प्रणाली (सब नेसनल ट्रेजरी रेगुलेटरी एप्लिकेसन) मा प्रविष्ट हुने गरी हस्तान्तरण गर्नु पर्नेछ।

(५) स्थानीय तहले योजना तथा बजेट तर्जुमा, लेखाकंन र प्रतिवेदनका लागि सुत्र प्रणाली प्रयोग गर्नुपर्नेछ।

(६) स्थानीय तहमा सुत्र प्रणालीको प्रयोग नभएको वा अन्य विशेष अवस्थामा महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वयमा हरेक त्रैमासिकमा सुत्र प्रणालीमा अभिलेखन गराउनु पर्नेछ।

(७) इकाई अन्तरगतको बजेट तथा खर्चको लेखाङ्कन र प्रतिवेदनको लागि सिगास (कम्प्युटराइज्ड गभर्मेन्ट एकाउन्टिङ्ग सिस्टम) वा नेपाल सरकारवाट निर्धारण भएको वित्तीय व्यवस्थापन प्रणालीको प्रयोग गर्नु पर्नेछ।

(८) आयोजनाको कोष प्रवाह विधि अनुसूची-३ बमोजिम हुनेछ।

४५. **<u>वित्त व्यवस्थापनमा स्थानीय तहको जिम्मेवारी</u> :** (१) यस आयोजना अन्तर्गत स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानको समग्र वित्तीय व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको हुनेछ।

(२) आयोजना अन्तर्गत स्थानीय तहमा हुने आर्थिक कारोवारको सञ्चालन, आन्तरिक नियन्त्रण, सम्पतिको सुरक्षा, आन्तरिक तथा अन्तिम लेखापरीक्षणको जिम्मेवारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(३) स्थानीय तहले आयोजना अन्तर्गत खरिद गर्दा तथा भुक्तानी सम्बन्धी निर्णय गर्दा आर्थिक प्रशासनसँग सम्बन्धित प्रचलित कानून र यस कार्याविधि दफा ४४ बमोजिम हुनेगरी गर्नुपर्नेछ ।

(४) उपरोक्त उपदफाहरुमा उल्लेख भएका विवरणका अतिरिक्त वित्तीय व्यवस्थापन गर्दा स्थानीय तहले देहायका विषयमा समेत ध्यान दिनु पर्नेछः-

(क) स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा आयोजना अन्तर्गतको सशर्त अनुदान समावेश भएको हुनु पर्ने,

(ख) भूक्तानीको लागि भौचर तयार गर्दा सुत्र प्रणालीको प्रयोग गर्नु पर्ने,

(ग) सशर्त अनुदान बमोजिमको बजेट खर्च गर्दा आर्थिक प्रशासनसँग सम्बन्धित प्रचलित कानून, वित्तीय संझौता र यस कार्यविधि बमोजिम हुने खर्च गरी गर्नु गराउनु पर्ने,

(घ) रोजगार आयोजना कार्यान्वयनको अनुगमन र सुपरिवेक्षण भएको हुनु पर्ने,

(ङ) आयोजनाको सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, गुनासो सम्बोधन र लाभग्राही सन्तुष्टि सर्वेक्षण आदि तोकिएका कार्यहरु समयमा नै गरे गराएको हुनु पर्ने,

(च) आयोजना अन्तर्गत खरिद भएका भौतिक एवं अन्य सबै प्रकारका सम्पत्तिहरुको अभिलेख राखेको र सुरक्षाको उचित प्रवन्ध गरेको हुनु पर्ने,

(छ) आयोजनाको आन्तरिक तथा वाह्य लेखापरीक्षण गरेको हुनु पर्ने,

(ज) लेखापरीक्षणबाट वेरुजू कायम भएको भए तोकिएको समयभित्र सोको फछ्र्योट गरे गराएको हुनु पर्ने,

(झ) इकाईसंगको समन्वयमा योजनाको कार्यान्वयनमा आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरी कार्यान्वयन गरे गराएको हुनु पर्ने,

(ञ) आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम सम्बन्धीत आर्थिक बर्ष भित्रै कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको हुनु पर्ने,

(ट) अनुदान अन्तर्गत प्रवाह भएको यस बजेट तथा खर्चको प्रतिवेदन इकाई उपलव्ध गराएको हुनु पर्ने।

४६. **<u>आयोजनाको ग्राह्य खर्च</u>** : आयोजनामा श्रोतमा रहेको बजेट देहायका विषयमा मात्र खर्च गर्न सकिनेछः-

(क) आयोजना अन्तर्गत नियुक्त कर्मचारी परामर्शदाताको पारिश्रमिक तथा अन्य सुविधा,

(ख) रोजगार सेवा केन्द्रको सञ्चालनका लागि सञ्चालन तथा मसलन्द,

(ग) रोजगार सेवा केन्द्रका लागि आवश्यक सवारी साधन, फर्निचर तथा मेशिनरी र उपकरण (ल्यापटप, डेस्कटप कम्प्युटर, राउटर, पावर व्याकअप आदि),

(घ) सुचना प्रणालीको स्तरोन्नती को लागि हार्डवेयर तथा सफ्टवेयर र उपकरणको मर्मत संभार खर्च,

(ङ) सूचना तथा सञ्चार अभियान सञ्चालन,

(च) लाभग्राहीको ज्याला,

(छ) लाभग्राहीका पाठ्यक्रम तथा मोड्युलको निर्माण एवम् सञ्चालन,

(ज) अन्तरक्रिया, कार्यशाला गोष्ठी,

(झ) स्थानीय तहको अनुगमन तथा स्थलगत जाँच,

(ञ) अभिमुखिकरण, तालिम र क्षमता विकास,

(ट) इकाईका लागि खरिद हुने मालसामान तथा सञ्चालन खर्च,

(ठ) विकास साझेदारसंग सहमती भई कार्यान्वयन गरिएका अन्य विशेष क्रियाकलाप।

४७. **<u>बजेट तर्जुमा तथा कार्यान्वयन</u>** : (१) आयोजनाको कार्यान्वयनका लागि बजेट विनियोजन प्रक्रिया नेपाल सरकारको प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम हुनेछ।

(२) स्थानीय तहमा आयोजना कार्यान्वयनका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सशर्त अनुदानको रुपमा हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (२) अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा इकाईले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने मार्गदर्शन पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको मार्गदर्शनको आधारमा स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जूमा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्यक्रम तथा बजेट स्थानीय तहको सभाबाट स्वीकृत गराई वार्षिक कार्यक्रममा समावेश गर्नुपर्नेछ।

(६) कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रत्येक क्रियाकलापको सुत्र तथा एल.एम.वि.आइ.एस. को सम्बन्धित खर्च शीर्षकमा आवद्ध हुनेगरी प्रविष्टि गर्दा क्रियाकलापगत रुपमा अलग-अलग रुपमा लेखाङ्कन र प्रतिवेदन हुन सक्ने गरी गर्न बजेट तथा कार्यक्रमको तर्जुमा गर्नुपर्नेछ।

(७) उपदफा (५) बमोजिमको वार्षिक कार्यक्रमलाई कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम अख्तियारी प्रदान गर्नु पर्नेछ।

(८) सरकारी कारोवार सञ्चालन निर्देशिका अनुसार आन्तरिक बजेटको नियन्त्रण आयोजना सम्बद्ध खर्चहरुको लागि अलग्गै सहायक खाताको व्यवस्था गर्नु पर्नेछ।

४८. **रकम निकाशाको ढाँचा** : (१) इकाईले विकास साझेदारसंग सोधभर्ना माग गर्दा वा सिधै भूक्तानीका लागि सिफारिस गर्दा वा विशेष प्रतिवद्धता मार्फत रकम निकाशा माग गर्दा निकासा र वित्तीय सूचनापत्रमा (डिस्वर्समेन्ट एण्ड फाइनान्सियल इन्फरमेसन लेटर) मा उल्लेख भएको भएको ढाँचामा गर्नु पर्नेछ।

(२) निकासा माग गर्दा देहाय बमोजिमका विधिहरु लागू हुनेछनः

(क) **शोधभर्ना :** इकाईले खर्चको शोधभर्ना माग गर्दा स्थानीय तहबाट भएका खर्च समेतको निकाशाको लागि विश्व बैक समक्ष माग गर्नुपर्ने छ। विश्व बैंङ्कले खर्चको फाँटवारीका आधारमा माग गरिएको रकमको आवधिक रुपमा सोधभर्ना गर्नुपर्नेछ। स्थानीय तहबाट भएको आयोजनाको खर्च एकिकृत गरी खर्चको फाँटवारीको आधारमा सोधभर्ना माग गर्ने जिम्मेवारी इकाईको हुनेछ।

(ख) **सिधै भुक्तानी :** निकासा र वित्तीय सूचनापत्र (डिस्वर्समेन्ट एण्ड फाइनान्सियल इन्फरमेसन लेटर) मा तोकिएको सिमाको अधिनमा रही सोझै भुक्तानी गर्नुपर्ने अवस्थामा इकाईले विकास साझेदारलाई अनुरोध गर्न सक्नेछ। यस प्रकृतिको सोझै भुक्तानी गर्दा वित्तीय सम्झौताको पहिलो

वर्गिकरणसंग सम्बन्धित खर्चको विल भरपाईको प्रतिलिपी संलग्न गर्नु पर्नेछ।

(ग) **विशेष प्रतिवद्धता :** इकाईको अनुरोधमा विकास साझेदारले वित्तीय सम्झौताको पहिलो वर्गिकरणमा उल्लेखित खर्चको लागि विकास साझेदारबाट प्रतितपत्रको प्रतिलिपी र प्रतितपत्रमा उल्लेख भएमा प्रोफर्मा इन्भ्वाइस समेत संलग्न गरी विशेष प्रतिवद्धता बमोजिम भुक्तानी गराउन सक्नेछ।

४९. **वित्तीय प्रतिवेदन :** (१) इकाईले आयोजना अन्तरर्गत भएको खर्चको एकिकृत वित्तीय विवरण तयार गर्नु पर्नेछ।

(२) इकाइले स्थानीय तहबाट तोकिएको ढाँचामा वित्तीय विवरण प्राप्त गर्न नसकेको अवस्थामा उक्त स्थानीय तहको खर्चको अभिलेखन तथा वित्तीय प्रगति अर्को वित्तीय प्रगति प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

तर, उक्त खर्चहरुको विवरणलाई सोहि आर्थिक वर्षको अन्तिम वित्तीय प्रतिवेदनमा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

(३) इकाईले लेखापरीक्षण नगरिएको अन्तरिम वित्तीय प्रतिवेदन प्रत्येक चौमासिक समाप्त भएको साठी दिन भित्र विकास साझेदारलाई पेश गर्नुपर्नेछ। तोकिएको समयभित्र वित्तीय प्रतिवेदन पेश गर्न नसकेमा हुन नसकेको कारण खुलाई प्रतिवेदन पेश हुने मिति सहितको जानकारी विकास साझेदारलाई उपलव्ध गराउनु पर्नेछ।

(४) इकाईले प्रत्येक आर्थिक वर्षको लेखा परिक्षण सहितको एकिकृत वार्षिक वित्तीय प्रतिवेदन आ.व. समाप्त भएको ९ महिना भित्र विकास साझेदारलाई पेश गर्नु पर्नछ।

(५) आयोजना सम्पन्न भए पश्चात इकाईले आयोजनाको लागि वर्गीकरण र कम्पोनेन्ट अनुसार छुट्याएको रकम, ग्राह्य खर्च, सोधभर्ना माग गरिएको रकम र विश्व बैंङ्क बाट भएको निकाशा रकम समेतको विवरण संलग्न गरी आयोजनाको एकिकृत वित्तीय विवरण तयार गर्नु पर्नेछ।

५०. **वित्तीय अनुगमन :** (१) इकाईले वित्तीय सुशासन कायम गर्न र वित्तीय जोखिम न्यूनिकरणका लागि सूचकहरु निर्धारण गरी स्थानीय तहको अनुगमन गर्नु पर्नेछ। अनुगमन हुनु पर्ने स्थानीय तहको छनौटको आधार इकाईले निर्धारण गरे बमोजिम हुनेछ।

(२) इकाईको वित्तीय अनुगमन मन्त्रालयले गर्नेछ।

(३) इकाईले वित्तीय अनुगमनका लागि तेश्रो पक्षको सहयोग लिन सक्नेछ।

५१. **आन्तरिक नियन्त्रण :** आयोजनाको वित्तीय व्यवस्थापनका लागि देहायका आन्तरिक नियन्त्रणका कार्य गर्नु पर्नेछ :-

(क) इकाईको हकमा ए.एल.एम.वि.आइ.स. मा स्वीकृत भएको र स्थानीय तहको हकमा गाउँ/नगर सभाबाट स्वीकृत भई वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको हुनु पर्ने,

(ख) खर्च रकम विनियोजित बजेट भन्दा बढि हुन नहुने,

(ग) लाभग्राहीको दैनिक हाँजिरी अद्यावधिक भएको हुनु पर्ने र सोको आधारमा मात्र रोजगार सेवा केन्द्रको सिफारिसमा स्थानीय तहले भुक्तानी उपलव्ध गराउनु पर्ने,

(घ) स्थानीय तहले रोजगार आयोजना र सीप विकास तथा रोजगारीको लागि तयारी क्लव सञ्चालन एवम् गुणस्तर मापन गर्न नियमित सुपरिवेक्षण गर्नु पर्ने,

(ङ) ज्यालाको भुक्तानी दफा २८ बमोजिम भएको सुनिश्चितता गर्नु पर्ने,

(च) खरिदको भुक्तानी पूर्व तोकिएको स्पेसिफिकेशन अनुरुप भएको सुनिश्चितता गर्नु पर्ने,

(छ) स्थानीय तहले रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरी लाभग्राही काममा उपस्थित दिन, निजलाई भुक्तानी भएको पारिश्रमिक, भुक्तानीको माध्यम र आयोजनाको खर्च विवरण सार्वजनीकिकरण गर्नु पर्ने,

(ज) स्थानीय तहले त्रैमासिक रुपमा आयोजनाको अनुगमन गरी अनुगमन प्रतिवेदन समीक्षा गर्नु पर्ने र समीक्षामा सञ्चारकर्मी सहितको सरोकारवालालाई आमन्त्रण गर्नु पर्ने,

(झ) स्थानीय तहले वार्षिक रुपमा आयोजना कार्यान्वयनको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नु पर्ने,

(ञ) स्थानीय तहले उजुरी पेटिका, विद्युतीय उजुरी पोर्टल, लाभग्राही सन्तुष्टि र स्कोरकार्ड लगायतको गुनासो सुनुवाई संयन्त्र स्थापना गरी सरोकारवालाको गुनासो तथा सुझाव दर्ता भएको पन्ध्र दिनभित्र सम्बोधन गर्नु पर्ने,

(ट) आयोजनाको प्रयोजनका लागि खरिद भएका सम्पत्तिहरु आयोजना वाहेकका अन्य कार्यमा प्रयोग नगर्ने नगराउने,

(ठ) इकाई र स्थानीय तहमा खरिद भएका एवम् मौज्दातमा रहेका सम्पत्तिहरु नेपाल सरकारले निर्धारण गरेअनुसार सम्पतिमा पहिचान संकेत सहित तोकिएको सफ्टवेयरमा अभिलेखिकरण गर्नु पर्ने। यस्तो अभिलेख र सम्पत्तिको अवस्थाको सम्वन्धमा प्रचलित आर्थिक कार्यविधि अनुसार जिन्सी निरीक्षण गरी वार्षिक प्रतिवेदन गर्नु पर्ने।

५२. **आन्तरिक लेखापरीक्षण :** (१) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐन, २०७६ को दफा ३३ बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले इकाईको आन्तरिक लेखापरीक्षण नियमित रुपमा

गर्नुपर्नेछ। कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आयोजनाको लेखापरीक्षण गराउने जिम्मेवारी इकाईको हुनेछ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रत्येक तीन महिनामा इकाईको आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षण सम्पन्न भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रदान गर्नु पर्नेछ।

(३) इकाईले अन्तिम लेखापरीक्षण गराउनुपूर्व आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु र सूझावहरुको फछ्यौट गर्नुपर्नेछ। लेखापरीक्षणले औंल्याएका बेरुजु फछ्यौंट गरेको विवरण आयोजना निर्देशक समितिमा पेश गर्नुपर्नेछ।

(४) स्थानीय तहको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ। आन्तरिक लेखापरीक्षणले औंल्याएको बेरुजु, सुझाव र जिज्ञासाहरु नियमित गर्नु प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हुनेछ।

(५) स्थानीय तहले लेखा समिति गठन गरी आन्तरिक र अन्तिम लेखापरीक्षण बाट निस्केका वेरुजु फछ्यौंट भए नभएको जाँच गर्नुपर्नेछ।

(६) स्थानीय तहले चौमासिक रुपमा पेश गरेको अनुगमन प्रतिवेदनको आधारमा इकाईले बेरुजु फछ्यौंटको अवस्था अनुगमन तथा आवश्यक्ता अनुसार स्थलगत समीक्षा पनि गर्न सक्नेछ।

(७) आन्तरिक लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित आर्थिक कार्यविधि, ऐन र नियमावली बमोजिम हुनेछ।

५३. **<u>अन्तिम लेखापरीक्षण</u>** : (१) आयोजनाको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(२) इकाईले महालेखा परीक्षकको कार्यालयमा आयोजनाको कार्यमूलक लेखापरीक्षणको लागि अनुरोध गर्न सक्नेछ।स्थानीय तह र इकाईले लेखापरीक्षणबाट औंल्याएको कैफियत उपर बेरुजु फछ्यौंट भएको प्रमाण सहितको जानकारी पेश गर्नु पर्नेछ।

५४. **<u>लेखापरीक्षण भएको वित्तीय विवरण</u>** : (१) इकाईले हरेक आर्थिक वर्षको लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरण (आयोजनाको लेखा) नौ महिना भित्र विश्व बैंङ्क समक्ष पेश गर्नुपर्नेछ। लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरणमा सबै स्थानीय तहहरुबाट भएको खर्चको विवरण समावेश भएको हुनुपर्नेछ।

(२) आयोजनाबाट प्रारम्भिक प्रतिवेदन र व्यवस्थापन पत्रको प्रतिक्रिया प्राप्त भए पश्चात महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण भएको वित्तीय विवरण (आयोजनाको लेखा) प्रमाणित गरी अर्थ मन्त्रालयका सचिवलाई उपलव्ध गर्नुपर्नेछ।

(३) ईकाइले महालेखापरिक्षकको कार्यालयलाई आयोजनाको लेखापरीक्षण र कार्यमूलक लेखापरीक्षण गराउन अनुरोध गर्न सक्नेछ।

५५. **आधिकारिक हस्ताक्षरकर्ता :** आधिकारीक हस्ताक्षरकर्ताको पद नाम (अथोराइज्ड सिग्नेटोरिज डेजिग्नेसन) मार्फत शोधभर्नाको आवेदनमा हस्ताक्षर गर्ने र पेश गर्ने अख्तियारी प्राप्त इकाईका अधिकृतहरुको नाम अर्थ मन्त्रालय मार्फत विकास साझेदारलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-८

## खरिद व्यवस्थापन

५६. **खरिद प्रक्रियासम्बन्धी व्यवस्था :** (१) आयोजनामा वस्तु तथा सेवाको खरिदको लागि विश्व बैंङ्क र नेपाल सरकारको प्रचलित खरिद सम्बन्धी कानूनको प्रयोग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका खरिदहरु विश्व बैंङ्कको खरिद नियम (The World Bank Procurement Regulations for IPF Borrowers" Procurement in Investment Project Financing- Goods, Works, non-consulting and Consulting Services Published by the World Bank in July 2016") र आयोजना विकास खरिद रणनीति बमोजिम गर्नुपर्नेछ।

(३) परामर्श सेवा खरिद गर्दा विश्व बैंङ्कको खरिद नियम २०१६ (परिमार्जन सहित) प्रयोग गर्नु पर्नेछ।

(४) विश्व बैंङ्क बाट स्वीकृति प्राप्त नमूना राष्ट्रिय बोलपत्र अथवा दरभाउपत्र प्रयोग गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम मालसामान, निर्माण कार्य र गैर परामर्श सेवाको खरिद गर्नुपर्नेछ।

(५) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा विश्व बैंङ्कको खरिद नियम बाहेकका अन्य खरिद यसै कार्यविधि बमोजिम हुनेछ।

(६) खरिद गर्दा उपयोगिताको मूल्य (भ्यालु फर मनी), मितव्ययिता, पारदर्शीता, निष्ठा, उद्देश्य संगको सम्बद्धता, प्रभावकारीता, दक्षता, र स्वच्छता लगायत सार्वजनिक खरिद सर्वमान्य सिद्धान्तहरू अवलम्बन गर्नु पर्नेछ।

(७) आयोजनाको लागि मालसामान, उपकरण, सामाग्री वा सेवाहरु खरिद गर्दा वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रहि खरिदको पूर्ण विवरण सहितको खरिद योजना विश्व बैंङ्कको अनलाइन खरिद कार्यान्वयन र अनुगमन प्रणाली (सिस्टम्याटिक ट्र्याकिङ्ग अफ एक्सचेन्ज इन प्रोक्युरमेट-स्टेप) मार्फत स्वीकृति लिनुपर्नेछ।

(८) खरिद प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी वातावरणको सुनिश्चितता गरी उपयुक्त सेवा प्रदायकको सहभागीता सुनिश्चित गर्नुपर्नेछ।

(९) विश्व बैंङ्कले आयोजनाको खरिद कार्य वित्तीय सम्झौता, आयोजना मूल्याङ्कन दस्तावेज र प्रचलित नियम, नियमावली र कार्यविधि बमोजिम भएनभएको सम्बन्धमा देहायको समीक्षा गर्न सक्नेछ:

(क) खरिद गूरुयोजना अनुरुप वार्षिक खरिद योजना तर्जुमा तथा अद्यावधिक भए नभएको,

(ख) विश्व बैंङ्कको खरिद निर्देशिकामा तोकिएको सीमा भित्र गरिए नगरिएको,

(ग) इकाई/स्थानीय तहले खरिद गर्दा तथा सो क्रममा अवलम्वन गरिएको प्रक्रियाको समीक्षा,

(घ) खरिद योजनामा तोकिएको समयसीमा भित्र खरिद भएको नभएको,

(ङ) वित्तीय सम्झौता, आयोजना मूल्याङ्कन कागजात तथा प्रचलित नियम, नियमावली र कार्यविधि अनुसार आवश्यक शर्तहरु बमोजिम स्वीकृत भए नभएको,

(घ) खरिद प्रक्रियामा आवश्यक कागजात संलग्न भए नभएको,

(ङ) बोलपत्र मूल्याङ्कनमा न्यूनतम योग्यता तथा प्राविधिक, व्यवसायिक र आर्थिक विवरण अनुसार न्यूनतम अङ्क कबुल गर्ने बोलपत्रकर्तासँग तोकिएकै समयमा सम्झौता भए नभएको,

(च) खरिद सम्झौता अनुरुप तोकिएको शर्त अनुसार समयमै सामानको गुणस्तर, परिमाण/परिणाम तथा खरिद प्रक्रिया पुरा भए नभएको,

(छ) तोकिएको शर्त पूरा भएको प्रमाणित गरिएको तथा भुक्तानीको जारी विजक अनुसार भए नभएको।

५७. <u>खरिद सम्बन्धी संस्थागत व्यवस्था</u> : आयोजनाको मालसामान तथा सेवा खरिद गर्न देहाय बमोजिमको संयन्त्र रहनेछ।

(क) इकाईमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ बमोजिम खरिद इकाई गठन गर्नुपर्नेछ। खरिद ईकाईको जिम्मेवारी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

(ख) इकाईमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ। समितिले समग्र खरिदका क्रियाकलापको मुल्याङ्कन गरी सिफारिस गर्नु पर्नेछ।

(ग) खरिद विशषज्ञले खरिदका कार्यहरुको संयोजन र आवश्यकता अनुसार अन्य क्रियाकलाप कार्यान्वयनमा सहयोग गर्नुपर्नेछ।

(घ) स्थानीय तहको खरिद स्थानीय तहको प्रचलित कानुन बमोजिम हुनेछ।

**५८.** **खरिदका विधि :** आयोजनामा प्रयोग हुने खरिद विधि अनुसूची -४ बमोजिम हुनेछ।

**५९.** **खरिद अमान्य हुने :** (१) देहायका अवस्थामा भएका खरिद कार्यहरु अमान्य हनेछ :-

(क) प्रचलित खरिद कानुन र यस कार्यविधिमा व्यवस्था नभएका,

(ख) विश्व बैंङ्कबाट स्वीकृत खरिद योजनामा समावेश नभएका,

(ग) कार्यविधिले खरिदका लागि तोकिएका विधि भन्दा अन्य विधिबाट भएका खरिद कार्य,

(घ) आयोजनाको विधिवत सुरुवात भन्दा अघि र पछिका समयमा भएका खरिद,

(ङ) फर्जि तथा अपूर्ण विवरणहरु पेश गरी भएका खरिद।

(२) उपदफा (१) बमोजिम अमान्य देखिएका खरिदको शोधभर्ना प्राप्त भएको अवस्था रहेमा उक्त रकम अर्को शोधभर्नामा मिलान गर्नु पर्ने वा आयोजना समाप्त भएको अवस्थामा विश्व बैङ्कलाई फिर्ता गर्नु पर्नेछ।

**६०.** **खरिद कारवाहीको अभिलेख राख्नु पर्ने :** इकाई र स्थानीय तहले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा उल्लेख भए बमोजिम खरिदका आवश्यक कागजात सहितको खरिद कारवाहीको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

**६१.** [८]**सीप विकास तालिम प्रदायकको सेवा खरिद सम्बन्धी व्यवस्था :** (१) छनौट भएका स्थानीय तहलाई सीप विकास तालिम सञ्चालनका लागि सेवा खरिद गर्न ईकाइले विश्व बैंकको सहमतिमा आवश्यक कार्यक्षेत्रगत शर्त र नमुना बोलपत्र सम्बन्धी कागजात सहित मार्गदर्शन उपलव्ध गराउनेछ।

(२) सेवा प्रदायकको न्यूनतम् योग्यता देहाय बमोजिम हुनुपर्नेछ;

(क) यस कार्यविधिको दफा ३३ को उपदफा १ मा तोकिएका मध्ये न्युनतम एक बिषयमा तालीम प्रदान गरेको,

(ख) कम्तीमा ३ बर्ष तालिम सञ्चालन गरेको अनुभव भएको,

(ग) ३९० घण्टाको व्यवसायिक सीप विकास सम्बन्धी कुनै तालिम सञ्चालन गरेको अनुभव भएको,

(घ) गत सात बर्ष भित्र कुनै तीन बर्षको औषत २० लाखको बार्षिक कारोबार गरेको,

---

[८] पहिलो संशोधनबाट संशो धत

(ङ) सेवा प्रदायक प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदमा आवद्द भएको हुनुपर्ने।

(३) न्यूनतम योग्यता पूरा गरेका सेवा प्रदायकहरु मध्येबाट गुणस्तर र लागत दुवै आधारमा एकै चरण (Single Stage) मा मूल्यांकन हुनेगरी तपसिल बमोजिमको मापदण्ड अनुसार योग्यताक्रम निर्धारण गरि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सेवा प्रदायक छनोट गर्नुपर्नेछः-

(क) सीप विकास सम्बन्धी जुनसुकै क्षेत्रको तालिम प्रदानको सात वर्ष वा सो भन्दा बढी अनुभव - अधिकतम १० अङ्क

(ख) दफा ३३ को उपदफा १ मा तोकिएका मध्ये न्युनतम एक देखि अधिकतम चार बिषयमा (सडक मर्मत तथा सम्भार बाहेक) ३९० घन्टाको तालीम प्रदान गरेको अनुभव वापत - अधिकतम २५ अङ्क

(ग) तालिम सञ्चालन गरिने जिल्लामा अनुभव र दर्ता भएको सेवा प्रदायकको हकमा - ५ अङ्क

(घ) कार्यक्षेत्रगत शर्तमा उल्लेख गरिएका बिषयहरुलाई समेटी सेवा प्रदायकले पेश गरेको अवधारणा, विधि, कार्य योजना र कार्यक्षेत्रगत शर्त उपर प्रतिकृयामा (Concept, Methodology and Work plan in responding to Terms of Reference) अधिकतम -२० अङ्क

(ङ) सबैभन्दा न्यूनतम लागत पेश गर्ने प्रस्तावदाता लाई- ४० अङ्क,

(च) अन्य प्रस्तावदाताको हकमा सार्वजनिक खरिद नियमावलीको अनुपातित आधार (Prorated Basis) मा सार्वजनिक खरिद नियमावलीको नियम ८१ को उपनियम २ बमोजिम आर्थिक प्रस्तावको अङ्क निर्धारणमा व्यवस्था भए बमोजिम आर्थिक प्रस्तावका लागि अधिकतम् ४० अङ्क कायम गरि प्राप्त अङ्क गणना गर्नुपर्नेछ।

(४) स्थानीय तहले उपदफा (२) बमोजिमको योग्यता तथा उपदफा (३) बमोजिमको निर्धारित मापदण्ड अनुसार प्राप्त नमुना बोलपत्र कागजातलाई अन्तिम रुप दिई पन्ध्र दिने सार्वजनिक सूचना मार्फत शिलवन्दी दरभाउ पत्र जारी गर्नुपर्नेछ।

(५) पहिलो पटक सूचना प्रकाशन गर्दा योग्यता पुगेका कम्तिमा ३ वटा दरभाउ पत्र पेश हुनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दरभाउपत्र पेश हुन नआएमा सात दिनको म्याद दिई पून: सूचना प्रकाशन गर्नुपर्नेछ। पुन:सूचना प्रकाशन गर्दा समेत तीनवटा भन्दा कम योग्य प्रस्ताव प्राप्त भएपनि मान्य हुनेछ।

(७) दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनैपनि प्रस्ताव प्राप्त नभएमा स्थानीय तहले न्यूनतम् योग्यता पुगेको सेवाप्रदायकबाट सेवा लिन सोझै खरिद गर्न समेत सक्नेछ।

(८) सेवा प्रदायक खरिद सम्बन्धी अन्य बिषयहरु सेवा प्रदायकलाई जारी कार्यक्षेत्रगत शर्त र बोलपत्र सम्बन्धी कागजातमा तोकिए बमोजिम हुनेछ।

६२. [९]**कार्यस्थलमा आधारित सीप विकास कार्यक्रम कार्यान्वयनको अनुगमन** : (१) स्थानीय तहबाट सञ्चालन भएका तालिमको गुणस्तर सुनिश्चितताका लागि इकाईले तोके बमोजिमको ढाँचामा स्थानीय तहको योजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समिति वा सम्बन्धित वडाको वडा स्तरीय अनुगमन समितिबाट नियमित अनुगमन गर्नुपर्नेछ। रोजगार सेवा केन्द्रले अनुगमनको लागि संयोजनकारी भुमिका निर्वाह गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिबाट प्रतिवेदन प्राप्त भएपश्चात मात्र अन्तिम भुक्तानी गर्नुपर्नेछ।

(३) स्थानीय तहले तालिम सम्पन्न भए पश्चात ईकाइले तोके बमोजिमको ढाँचामा ईकाइलाई प्रतिवेदन उपलव्ध गराउनुपर्नेछ।

(४) इकाईले स्थानीय तहमा सञ्चालित तालिमको स्थलगत अनुगमन गर्न सक्नेछ।

६३. [१०]**सम्झौता भङ्ग गर्न सकिने** : (१) सेवा प्रदायकले सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा प्रचलित कानून बमोजिम स्थानीय तहले सम्झौता भङ्ग गर्न सक्नेछ।

(२) सम्झौता भङ्ग भएको खण्डमा स्थानीय तहले योग्यता क्रममा रहेका प्राथमिकता क्रम अनुसारका सेवा प्रदायकबाट सेवा खरिद गरि तालिम सञ्चालन गर्नेछ।

## परिच्छेद-९
## व्यवस्थापन सूचना प्रणालीको सञ्चालन

---

[९] पहिलो संशोधनबाट संशोधित

[१०] पहिलो संशोधनबाट संशोधित

६४. **रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने :** (१) मन्त्रालय, प्रदेश र स्थानीय तहले बेरोजगार व्यक्ति, रोजगार आयोजना, सीप विकास, वित्तीय विवरण सम्बन्धी सूचनाहरु अनिवार्य रुपमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा अध्यावधिक गर्नुपर्नेछ।

(२) रोजगारी सिर्जना र सीप तथा क्षमता विकास अन्य सार्वजनिक निकायहरुमा प्रणालीको सञ्चालनका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

६५. **राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन :** (१) सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार, रोजगारसंग सम्बन्धित सूचना प्रवाह गर्न, रोजगार विनिमय प्रणाली सञ्चालन गर्न र रोजगार प्रवर्द्धन सेवामा सहयोग गर्न दीर्घकालीन श्रमबजार सूचना प्रणालीको आधार हुने गरि राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (नेशनल इम्पलयोमेन्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम-नेमिस) को खाका तयार गरि नेमिस प्रणालीको विकास र सञ्चालन प्रकृयाको अवलम्वन गरिनेछ।[११]

(२) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीमा देहायका बिषयहरु समावेश गर्नु पर्नेछः-

(क) न्यूनतम् रोजगारीको कार्यक्रमलाई पूर्णरुपमा सञ्चालन गर्न वर्तमान रोजगार व्यवस्थापन सूचना प्रणालीलाई थप विकास तथा अन्य प्रणालीसंग अन्तरआवद्ध हुने गरी सञ्चालन गर्ने,

(ख) स्थानीय तहमा एकिकृत श्रम तथा रोजगारीका क्रियाकलापलाई व्यवस्थापन गर्न आवश्यक सूचना प्रणालीको विकास गर्ने,

(ग) ऐनको दफा १७ बमोजिमका बेरोजगार सहायताका क्रियाकलापहरु सञ्चालनमा सहयोग हुने,

(घ) रोजगारीको खोजीमा रहेका व्यक्तिलाई रोजगारी तथा रोजगारमूलक सेवा प्राप्तिका लागि आवश्यक श्रमिकको वैयक्तिक विवरण, रोजगार पोर्टल, रोजगार विनिमय सूचना प्रणाली समेतका आवश्यक प्रणालीको संचालन र विकास हुने,

(ङ) श्रम बजारमा उपलव्ध सीप तथा क्षमताको विवरण, रोजगारदाताको विवरण तथा मागबाट रोजगारदातालाई आवश्यक पर्ने सीप तथा क्षमताको विवरण स्वचालित तवरले अद्यावधिक हुने,

(च) अन्य आवश्यक विवरण र

(छ) प्रणालीबाट तथ्याङ्क सङ्कलन र प्रशोधन गरी प्रमुख सूचकहरु स्वचालित तवरले प्रकाशन हुने।

---

[११] पहिलो संशोधनबाट संशोधित

(३) प्रणालीको निर्माणका लागि विकास साझेदारको सहमतिमा इकाईले आवश्यक निर्णय गर्नेछ।

(४) प्रणाली सञ्चालन तथा व्यवस्थापनमा तथ्याङ्क सुरक्षा र गोपनीयता सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१०
## रणनैतिक सञ्चार

६६. **सूचना तथा सञ्चारका अभियान सञ्चालन गर्नु पर्ने** : (१) आन्तरिक रोजगारी प्रवर्द्धन तथा आयोजनाको कार्यान्वयनका विषयमा देहायका उदेश्य हासिल गर्न सूचना तथा सञ्चारका अभियान सञ्चालन गर्नु पर्नेछ :-

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको अन्तरगत उपलव्ध सेवा तथा सुविधाका सम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने,

(ख) आन्तरिक रोजगार अभिबृद्धि गर्न एवम् श्रम तथा रोजगारीका क्षेत्रमा श्रम र श्रमिक प्रतिको धारणामा सकारात्मक र व्यवहारिक परिवर्तन ल्याउने,

(ग) सूचना तथा सञ्चारका अभियान सञ्चालनमा अन्तरतह, अन्तरनिकाय र निजी क्षेत्रसंग वहुपक्षीय साझेदारी र समन्वय गर्ने,

(घ) सूचना तथा सञ्चारका अभियान सञ्चालनमा मन्त्रालयले तोकेका कार्यहरु गर्ने।

(२) उपदफा (१) बमोजिमका उद्देश्य प्राप्त गर्न इकाईले वार्षिक सञ्चार कार्ययोजना तय गरी कार्यान्वयन गर्नेछ।

(३) स्थानीय तहले कार्ययोजनाले तोकेका सञ्चार तथा अभियानहरु क्रियाकलापहरु सञ्चालन गर्नु गराउनु पर्नेछ।

(४) इकाईले वातावरण तथा सामाजिक संरक्षण खाका समेतलाई मध्येनजर गरी सञ्चार तथा पहुँच अभिबृद्धि कार्यका लागि आवश्यक श्रव्यदृष्य सामग्रीको उत्पादन र प्रशारण गर्न सक्नेछ।

(५) इकाईले सञ्चार तथा पहुँचका क्रियाकलापको संयोजन गर्न परामर्शदाताको नियुक्ति गर्न वा आवश्यकता अनुसार सालवसाली वा वहुवर्षिय सेवा खरिद गर्न सक्नेछ।

६७. **नागरिक सचेतना तथा पहुँच अभियान सञ्चालन गर्नु पर्ने** : (१) आयोजनामा लक्षित वर्गको पहुँच बढाउन स्थानीयस्तरमा क्रियाशील सरकारी, गैरसरकारी र सामुदायिक संघ-संस्थाको सहकार्यमा तथा सामाजिक सञ्जालको प्रयोग गरी नागरिक सचेतना तथा पहुँच अभियान सञ्चालन गर्नु पर्नेछ।

(२) अभियान सञ्चालन गर्दा जोखिममा रहेका, पिछडिएका समुदाय तथा महिलालाई लक्षित गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका उद्देश्य प्राप्त गर्न इकाईले नागरिक सचेतना तथा पहुँच अभियान सञ्चालन सम्वन्धी वार्षिक कार्ययोजना तय गरी कार्यान्वयन गर्नेछ।

(४) स्थानीय तहले समेत सो कार्ययोजनामा आधारित भई क्रियाकलापहरु सञ्चालन गर्नु गराउनु पर्नेछ।

(५) यसका लागि इकाईले आवश्यक श्रव्यदृष्य सामग्रीको उत्पादन, वितरण र प्रशारण गर्न सक्नेछ।

(६) इकाईले यस प्रकारको अभियानका लागि आवश्यकता अनुसार सञ्चार माध्यम वा अन्य उपयुक्त सेवा प्रदायकसँग सेवा खरिद गरी कार्यान्वयन गर्न गराउन सक्नेछ।

६८. **<u>सञ्चार सम्बन्धी अन्य क्रियाकलाप सञ्चालन र समीक्षा</u>** : इकाईले आवश्यकता अनुसार देहायका कार्यहरु सञ्चालन गर्नेछ :-

(क) वेवसाइट अद्यावधिक गर्ने,

(ख) बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा जानकारी दिने,

(ग) सरोकारवाला, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई लाई आयोजना र कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अभिमूखिकरण गर्ने,

(घ) आवश्यकता अनुसार चौमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा गर्ने गराउने।

## परिच्छेद-११

## <u>गुनासो व्यवस्थापन</u>

६९. **<u>गुनासो व्यवस्थापन</u>** : (१) आयोजनाले गुनासो निर्देशिकाको परिच्छेद-१३ बमोजिम सञ्चालन गर्नु पर्नेछ।

(२) गुनासोको व्यवस्थापन अनुगमन, मूल्याङ्कन तथा सञ्चार शाखाले गर्नेछ।

(३) स्थानीय तहमा गुनासो व्यवस्थापन गर्न रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायकलाई जिम्मेवारी तोक्नुपर्नेछ।

(४) गुनासो सुनुवाईको संयन्त्र निर्माण र सोको क्षमता अभिबृद्धिका क्रियाकलाप मन्त्रालयले तोके बमोजिम हुनेछ।

७०. **<u>गुनासो गर्न सकिने</u>** : (१) गुनासोकर्ताले रोजगार सेवा केन्द्र वा सम्बन्धित स्थानीय तह वा प्रदेशको श्रम तथा रोजगार हेर्ने मन्त्रालय वा श्रम तथा रोजगार कार्यालय वा मन्त्रालयमा लिखित तथा मौखिक गुनासो गर्न सक्नेछ।

(२) गुनासो एस.एम. एस. सामाजिक संजाल तथा मन्त्रालयको कल सेन्टर मार्फत समेतबाट दर्ता गराउन सकिनेछ।

(३) प्राप्त गुनासाहरु सम्बन्धित निकायले दर्ता गर्नु पर्नेछ।

७१. **<u>गुनासो व्यवस्थापन अवधि</u>**: (१) गुनासो दर्ता गर्न वडा कार्यालय, गाउँ कार्यपालिका र नगरकार्यपालिका तथा कार्यक्रममा प्राप्त गुनासोहरु सुनुवाई गरी अनुसूची-५ बमोजिम वर्गीकरण र विश्लेषण गर्ने, आफै निर्णय गर्ने र निर्धारित समयभित्र निर्णय गर्न नसकिएमा कारण खुलाई माथिल्लो निकायमा पठाउने व्यवस्था मिलाइने छ, साथै गुनासो फछ्यौंट गर्ने समयको समयावधि निम्न बमोजिम हुनेछ।

| गुनासो दर्ता कार्यालय | फछ्यौंट गर्ने समय (कार्यालय दिन) | एक तह माथिको निकाय | गुनासो फछ्यौंटगर्न नसकेमा माथिल्लो निकायमा पठाउनुपर्ने समय (दिन) |
|---|---|---|---|
| वडा | ४ | गाउँपालिका/नगरपालिका | २ |
| गाउँपालिका/नगरपालिका | ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३ |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३ |
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ७ | सम्बन्धित विषयगत मन्त्रालय वा अन्य निकाय | - |

(२) गुनासो प्राप्त गर्ने निकायले फर्छ्यौट गर्न नसकी माथिल्लो निकायमा पठाएको व्यहोरा गुनासोकर्तालाई जानकारी दिने व्यवस्था मिलाउने।

(३) कुनै एक तहले गरेको गुनासोको निर्यण गुनासोकर्ताले अस्वीकार गरेमा अस्वीकार गर्नाको कारण सहित गुनासोकर्ताले माथिल्लो निकायमा अपिल गर्ने सक्नेछ।

(४) गुनासोकर्ताले गुनासोको अवस्थाबारे जानकारी लिन चाहेमा सम्बन्धित कार्यालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट, एस.यम.यस. आदि मार्फत प्राप्त गर्न सक्नेछन।

(५) दर्ता नं. प्राप्त गरेका गुनासोकर्ताले अनलाईन फाराम तथा टेलिफोन मार्फत जुनकुनै समयमा गुनासो दर्ता भएको कार्यालय, माथिल्लो निकायमा पेश भएको भए सोको जानकारी र सुनुवाई भएको भए सोको जानकारी प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ।

(६) स्थानीय स्तर वा निकायसँग सम्वन्धित गुनासो केन्द्रिय स्तरमा जुनसुकै माध्यमवाट प्राप्त भएमा त्यस्ता गुनासोको पहिलो तहको सामाधान स्थानीय स्तर वा निकायसँग प्राप्त गरिने व्यवस्था मिलाइनेछ।

७२. **<u>गुनासो व्यवस्थापन गर्ने संयन्त्र र प्रक्रिया</u>**: (१) प्रधानमन्त्री रोजगार कार्यक्रम, गाउँपालिका र नगरपालिका र वडा कार्यलयहरुमा गुनासो सुनुवाई संयन्त्र रहनेछ।

(२) संकलित गुनासोको विषय अनुसार वर्गिकरण र विश्लेषण गरिनेछ।

(३) वर्गिकरण र विश्लेषण गरिएका मध्ये सामान्य प्रकृतिका भएमा प्रचलित ऐन, नियमावली, निर्देशिका, मापदण्ड र निर्देशनहरुको आधारमा प्रमाण हेरी फछ्र्यौट गरिनेछ।

(४) प्राप्त गुनासो र फछौंट भएमा गुनासो अनलाईन प्रणालीमा मासिक रुपमा अनलाईनमा प्रणालीमा प्रविष्ट गराउने व्यबस्था मिलाइनेछ।

(५) गुनासो सुनुवाई प्रणालीमा इन्ट्री भएका अभिलेख अध्यावाधिक गर्ने र फछ्र्यौट भएका तथा माथिल्लो निकायमा पठाइएका गुनासोको बारेमा गुनासोकर्ताहरुलाई सम्भव भएको माध्यमबाट यथासक्य छिटो जानकारी गराउने व्यबस्था मिलाइनेछ।

(६) प्राप्त गुनासोहरु र सोको फछ्यौट सम्बन्धी विवरण अनुसूची-६ मा तोकिए बमोजिमको ढाँचामा स्थानीय तह तथा प्रधानमन्त्री रोजगार कार्यक्रमले राख्नु गर्नेछ।

## परिच्छेद-१२

## अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था

७३. **आयोजनाको अनुगमन तथा मूल्याङ्कन खाका र नतिजा सूचक :** (१) आयोजनाको आयोजना दस्तावेजले तोकेका देहायका विकास नतिजा सूचकहरू प्राप्ति लागि लेखापरीक्षण, लाभग्राही सर्वेक्षण, सार्वजनिक सुनुवाई र कार्य सम्पादन मूल्याङ्कन सहितको विवरण संलग्न गरेर विस्तृत अनुगमन तथा मूल्याङ्कन खाका तयार गरी कार्यान्वयन गर्नेछ :-

(क) स्थापना भई सञ्चालनमा रहेका रोजगार सेवा केन्द्रको संख्या,

(ख) आयोजनामा दर्ता भएको एक वर्ष भित्रमा लिङ्ग र उमेरका आधारमा तालिम लिने र रोजगारीमा संलग्न हुने व्यक्तिको संख्या र प्रतिशत

(ग) अठार देखि चालिस वर्ष उमेरका युवाको प्रतिशत,

(२) उपदफा (१) बमोजिमको खाका निर्माण गर्दा आयोजनाबाट कार्यान्वयन हुने क्रियाकलापमा भएको वित्तीय र भौतिक प्रगति, अपेक्षित प्रतिफल र उपलव्धीहरु सम्बन्धी पर्याप्त, पूर्ण र सही सूचना सङ्कलन र आयोजनामा निरन्तर सुधारका विषयलाई ध्यान दिनु पर्नेछ। इकाईले खाका निर्माणमा देहायको सूचकहरुलाई समावेश गर्नु पर्नेछः-

(क) **लगानी :** उपयुक्त कर्मचारीको नियुक्ति, क्षमता विकास र प्राविधिक तथा वित्तीय व्यवस्थापन,

(ख) **परिणाम :** रोजगारीको खोजीमा रहेका युवा बेरोजगार व्यक्ति तथा निजको आवश्यक्ता अनुसार रोजगार सेवा प्राप्त गरेको विवरण, नेमिस सञ्चालन,

स्थानीय तहमा रोजगारी सिर्जना, लाभाग्राहीको सीप तथा क्षमता अभिबृद्धि, स्थानीय तहले उपलब्ध गराउने रोजगार सेवामा भएको सुधार र संलग्न कर्मचारी तथा सरोकारवालाको क्षमता अभिबृद्धि,

(ग) **नतिजा :** रोजगार सेवा सुविधाका सम्बन्धमा जानकार तथा प्रयोग, एकिकृत रोजगारमूलक सेवाको सूचना सहितको नेमिस सञ्चालन, रोजगार सेवामा सुधार भएको हुने, सीपयुक्त श्रमशक्ति र प्रत्यक्ष रोजगारीमा बृद्धि।

(३) आयोजनाको नतिजा सूचक अनुसूची-७ र आयोजनाको नतिजा मापन तालिका अनुसूची-८ बमोजिम हुनेछ।

(४) आयोजनाको समग्र अनुगमन, मुल्याङ्कन र प्रतिवेदनको जिम्मेवारी इकाईको हुनेछ।

(५) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्रियाकलापहरु देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेश आयोजना संयोजकले आवश्यक्ता अनुसार मन्त्रालयको अनुरोधमा आफ्नो प्रदेशमा सञ्चालित आयोजनाका कृयाकलापहरूको अनुगमन गर्ने,

(ख) स्थानीय तहले आयोजना कार्यान्वयनको निरन्तर अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्नु पर्ने पर्नेछ। स्थानीय तहले प्रत्येक चौमासिकमा आयोजनाको प्रगति विवरण र अनुगमन प्रतिवेदनको समीक्षा गर्नु पर्ने,

(ग) स्थानीय निर्देशक समितिले आयोजनाको नियमित अनुगमन गरी सुझाव प्रदान गर्नु पर्ने,

(घ) रोजगार सेवा केन्द्रले आयोजनाको क्रियाकलाप तथा खर्चको अभिलेख राख्ने र नियमित अनुगमन र प्रगतिको समीक्षा गरी इकाईलाई प्रतिवेदन पेश गर्ने,

(ङ) वडा समितिले आवश्यक्ता अनुसार आफ्नो वडामा कार्यान्वयन भएको आयोजनाको क्रियाकलापको नियमित अनुगमन र प्रतिवेदन गर्नु पर्ने।

(६) आयोजनाको मूल्याङ्कन र समीक्षाका देहाय बमोजिम हुनेछः-

(क) इकाईले नियमित तवरले सङ्घीय, प्रदेश र स्थानीय तहसंग समन्वय गरी नियमित अनुगमन, मूल्याङ्कन र सञ्चारको क्रियाकलाप गर्ने गराउने,

(ख) आयोजनाका सञ्चालन र प्रगतिका सम्बन्धमा स्थलगत परिक्षण गर्ने गराउने,

(ग) तेश्रो पक्षलाई संलग्न गराई आयोजना अवधिमा कम्तिमा एक पटक लाभग्राही सन्तुष्टि सर्वेक्षण गराउने। यस्तो सर्वेक्षण गर्दा सबै वर्ग र उमेर वर्गको प्रतिनिधित्व सुनिश्चित हुनु पर्ने,

(घ) इकाइले रोजगार केन्द्रले कार्यविवरण अनुसार काम भए नभएको समेत अनुगमन गर्नु पर्ने,

(ङ) आयोजनाको प्रमुख उपलव्धी र नतिजा प्राप्तीका सम्बन्धमा देहाय बमोजिम मूल्याङ्कन हुनेछ :-

(१) **कार्यान्वयन सहयोग मिसन :** विकास साझेदार र इकाईले कार्यसम्पादन समीक्षाका लागि वर्षमा दुईपटक कार्यान्वयन सहयोग मिसनको आयोजना गर्नेछन्। मिसनले आयोजनाको क्रियाकलापको वस्तुगत अध्ययन गर्न स्थलगत भ्रमण गर्न सक्नेछ। इकाईले योजना कार्यान्वयन समीक्षाको आधारमा प्रगति प्रतिवेदन र आवश्यक कार्ययोजना तयार गर्नु पर्नेछ।

(२) **मध्यकालीन तथा अन्तिम समीक्षा :** आयोजना सञ्चालन भएको ३० महिनाभित्र आयोजनाको मध्यकालीन समीक्षा हुनेछ। समीक्षाबाट आयोजनाको क्रियाकलापको समीक्षा एवम् लक्ष्य र उद्देश्य प्राप्त गर्न सक्ने नसक्ने अवस्थाको विश्लेषण गरी कार्यक्रममा आवश्यक संशोधन हुनु पर्ने विषय तथा क्षेत्रको निर्धारण गरी विकास साझेदारलाई प्रतिवेदन पेश गर्नु पर्नेछ। आयोजना अवधिको अन्त्यमा आयोजनाको अन्तिम मूल्याङ्कन गर्नु पर्नेछ।

(३) **प्रभावको मूल्याङ्कन :** मध्यकालीन र अन्तिम मूल्याङ्कन समीक्षा गर्दा तेश्रो पक्षको संलग्नता गराई आयोजनाबाट सिर्जित उपलव्धी र प्रभाव समेतको मूल्याङ्कन गर्नु पर्नेछ। आयोजनाले यस कार्यका लागि सेवा करार गरी तेश्रो पक्षबाट समीक्षा र मूल्याङ्कन गराउनु पर्नेछ।

(७) इकाइले देहाय बमोजिमको व्यहोरा सहितको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नेछः-

(क) **रोजगार सेवा केन्द्र**

(१) उचित जिन्सी अभिलेख मार्फत आयोजनाको सम्पत्ति/सम्पत्तिहरूको सुरक्षा सुनिश्चित गरी नियमित मर्मत सम्भार भएको प्रतिवेदन स्थानीय तह र इकाईलाई पेश गर्ने,

(२) केन्द्रको गतिविधिहरूको बारेमा सम्बन्धित स्थानीय कार्यपालिकामा नियमित प्रतिवेदन बुझाउनु पर्ने,

(३) रोजगार आयोजना सञ्चालन तथा सो को प्रगतिको मासिक प्रतिवेदन स्थानीय तह र इकाईलाई पेश गर्ने,

(४) रोजगार आयोजनाको अन्तिम प्राविधिक प्रतिवेदन स्थानीय तहको ईन्जिनियर/सब-इन्जिनियरलाई पेश गर्ने,

(५) आयोजनाको खर्च तथा सोको पुष्ट्याई सहित प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र चौमासिक प्रतिवेदन इकाईमा पेश गर्ने।

**(ख) स्थानीय तह**

(१) आयोजनाको खर्च तथा ज्यालाको भुक्तानीको विवरण पछिल्लो महिनाको २० गते भित्र आर्थिक हिसाव मिलान प्रतिवेदन तयार गरी रोजगार व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन तयार गर्ने,

(२) प्रत्येक चौमासिक समाप्त भएको ४५ दिन भित्र प्रगतिको समीक्षा सहितको वित्तीय विवरण इकाईलाई पेश गर्ने,

**(ग) इकाई**

(१) चौमासिक रुपमा आयोजनाको प्रगतिको समीक्षा र वित्तीय प्रगति तयार गरी चौमासिक समाप्त भएको ६० दिन भित्र विकास साझेदारलाई प्रेशित गर्ने,

(२) आयोजनाको प्रतिवेदन गर्दा आवश्यकता अनुसार स्थलगत अनुगमन, जोखिम न्यूनिकरणका लागि अवलम्वन गरिएका उपायहरु सहितको विवरण विकास साझेदारबाट निर्दिष्ट ढाँचामा प्रतिवेदन गर्ने,

(३) वार्षिक लेखा परिक्षणको विवरण आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र विकास साझेदारलाई पेश गर्ने,

(४) सोधभर्ना मागका लागि स्थानीय तह र केन्द्रको एकिकृत वित्तीय विवरण समावेश गर्ने,

(५) सरोकार संलग्न आयोजना सम्वन्धी सुचना प्रवाह तथा प्रभाव न्युनिकरणका उपायहरूका कार्यान्वयन जस्ता वातावरण तथा सामाजिक संरक्षण खाकाको महत्त्वपूर्ण पक्षहरूको कार्यान्वयनका साथै आयोजनाको सम्बन्धमा प्राप्त गरेको गुनासो/उजुरीको प्रकृति र सोको वर्तमान अवस्था वा सम्बोधन कसरी गरियो भन्ने सम्बन्धमा ईकाइले निश्चित ढाँचामा अर्ध-वार्षिक प्रतिवेदन तयार गरि पेश गर्ने,

(६) आयोजना प्रभावकारी भएको मिति बाट तीस (३०) महिना भित्र मध्यकालिन समीक्षा गराइ सो को प्रतिवेदन पेश गर्ने,

(७) वातावरण तथा सामाजिक संरक्षण व्यवस्थापन खाकाको मध्यावधी समिक्षा गरी ईकाइले विकास साझेदारको समन्वयमा वातावरण तथा सामाजिक संरक्षण व्यवस्थापन खाका कार्यान्वयनका सम्बन्धमा तेश्रो पक्षबाट मूल्याङ्कन गराउने र आवश्यकता बमोजिम परिमार्जन हुनु पर्ने विषय समावेश गरी विकास साझेदारलाई पेश गर्ने। विकास साझेदारको स्वीकृति पश्चात खाका मन्त्रालयको वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्ने,

(८) आयोजना समाप्त भएको मितिले ६ महिनाभित्र आयोजना कार्यान्वयन सम्पन्न र नतिजाको प्रतिवेदन तयार गरी विकास साझेदारलाई पेश गर्ने।

## परिच्छेद-१३

## वातावरण तथा सामाजिक संरक्षण

७४. **वातावरण तथा सामाजिक संरक्षण खाका निर्माण तथा कार्यान्वयन :** (१) आयोजनासँग सम्बन्धित वातावरणीय तथा सामाजिक पक्षका विषयहरुको सम्बोधन गर्न मन्त्रालयले तर्जुमा गरेको वातावरण तथा सामाजिक संरक्षण खाकालाई (इन्भायरोमेन्ट एण्ड सोसियल म्यानेजमेन्ट फ्रेमवर्क) आयोजनाको अभिन्न अङ्गको रुपमा अवलम्वन गरी सम्बन्धित क्रियाकलापहरु कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) को खाका बमोजिम आयोजना सञ्चालनका गर्ने जिम्मेवारी इकाईको हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यमा सहयोगका लागि इकाईले वातावरण तथा सामाजिक सुरक्षण विज्ञको नियुक्ति गर्न सक्नेछ।

(४) स्थानीय तहले आयोजना सञ्चालन पूर्व रोजगार आयोजनासंग सम्बन्धित वातावरणीय तथा सामाजिक मूल्याङ्कन तथा विश्लेषण गर्नु पर्नेछ।

(५) उपदफा (४) को विश्लेषणबाट वातावरणीय तथा सामाजिक जोखिम तथा असर रहेको देखाएमा लागी वातावरण तथा सामाजिक संरक्षण योजना तर्जूमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

[12](६) आयोजनाको कम्पोनेन्ट २ अन्तर्गतको सहायता पूर्वाधार मर्मत सम्भारमा केन्द्रित हुने र लाभग्राहीको ज्यालामा मात्रै सिमित हुने भएकोले कार्यस्थल सुरक्षा सम्बन्धी विषयलाई समावेश गरि संरक्षण योजना तय गर्नु पर्नेछ। कार्यस्थल स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहले रोजगार आयोजनामा संलग्न लाभग्राहिको कार्यस्थल स्वास्थ्य र सुरक्षाको प्रबन्ध गर्नुपर्नेछ।

(ख) लाभग्राहिहरुलाई कार्यस्थलको स्वास्थ्य र सुरक्षा सम्बन्धी बिषयमा अभिमुखिकरण गराउनु पर्नेछ।

(ग) कार्यस्थलमा प्राथमिक उपचार सामाग्री उपलब्ध गराउनु पर्नेछ।

(घ) लाभग्राहिलाई कामको प्रकृति अनुसार व्यक्तिगत सुरक्षा सामाग्रीहरु जस्तै; हेल्मेट, चम्किलो ज्याकेट, पन्जा, बुट, मौसमी बुट, चस्मा आदि स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ।

(ङ) कार्यस्थलमा स्वास्थ्य र सुरक्षा सम्बन्धी सामाग्रीहरुको प्रयोग गरे/नगरेको सम्बन्धमा स्थानीय तहले अनुगमन गरि प्रयोगको सुनिश्चितता गराउनुपर्नेछ।

(७) इकाईले उपदफा (६) बमोजिम तय भएको योजनाको अनुगमन गरी त्रैमासिक रूपमा प्रतिवेदन तयार गरी विकास साझेदारलाई पेश गर्नु पर्नेछ।

(८) स्थानीय तहले आयोजनाको कम्पोनेन्ट १ र २ अन्तर्गतका क्रियाकलाप सञ्चालन पूर्व देहायका विषयहरुको सूचना सङ्कलन तथा समीक्षा गर्नु पर्नेछः-

(क) रोजगार आयोजना कार्यान्वयन हुने क्षेत्रमा बसोबास गरेका प्रत्यक्ष लाभग्राहीको संख्या,

(ख) रोजगार आयोजनाले गर्ने क्रियाकलापको प्रकार तथा लक्षित समूहको सम्भावित सहभागिता,

(ग) वञ्चितिकरण तथा जोखिममा रहेका समूहका लागि गरिने क्रियाकलाप,

(घ) गरिब तथा जोखिममा रहेका समूहमा पर्ने प्रभाव,

(ङ) महिला तथा वञ्चितिकरणमा रहेका समूहको सामाजिक र आर्थिक उन्नतीका लागि आवश्यक्ता तथा प्राथमिकता,

(च) महिला तथा वञ्चितिकरणमा रहेका समूहले सूचना तथा ज्ञान प्राप्त गर्दा हुन सक्ने वा सम्भावित अवरोध,

---

[12] पहिलो संशोधनबाट संशोधित

(छ) महिलामैत्री कार्यस्थलको निर्माण,

(ज) कार्यस्थलमा हुन सक्ने सम्भावित लैङ्गिक हिंसा,

(झ) वातावरण तथा सामाजिक रुपमा सम्वेदनशिल क्षेत्र भए सो को अवस्था, र

(ञ) अन्य सामाजिक प्रभाव।

(९) कम्पोनेन्ट २ अन्तर्गत कार्यान्वयन रोजगार आयोजना सञ्चालनका क्रममा राष्ट्रिय निकुञ्जको विभाग, वन्यजन्तु आरक्ष आदि उल्लेख भएको क्षेत्रबाहेक अन्य वन र वन्यजन्तुको प्रवेश गर्ने क्षेत्रमा जोखिम, भुक्षय, वायु प्रदुषण, पानीको गुणस्तरमा ह्रास, पेशागत स्वास्थ्य र सुरक्षा आदिका सम्बन्धमा रोजगार सेवा केन्द्रले सम्भावित जोखिमको विश्लेषण गरी कार्यस्थल स्वास्थ्य तथा सुरक्षा संग सम्बन्धित विषयहरुलाई समावेश गरी वातावरणीय तथा सामाजिक व्यवस्थापन कार्ययोजना तय गरी कार्यान्वन गर्नु पर्नेछ।

(१०) आयोजनाले व्यवसायजन्य, पेशागत स्वास्थ्य र सुरक्षा एवम् श्रमिकको कार्यस्थलमा सुरक्षित रुपमा काम गर्ने वातावरण निर्माणको लागि श्रम मापदण्ड, आचार संहिता, लैङ्गिक हिंसा, व्यक्तिगत सुरक्षा उपकरण, जोखिम न्यूनिकरणका प्रावधान तथा आवश्यक्ता अनुसार श्रमिक शिविरको सञ्चालनका लागि वातावरण तथा सामाजिक संरक्षण कार्ययोजना तयार गरी देहायका कार्यहरु गर्नु पर्नेछः-

(क) रोजगार आयोजना सञ्चालनको प्रत्येक क्रियाकलापमा वातावरणीय र सामाजिक जोखिममा रहेका व्यक्तिका सम्बन्धमा विश्लेषण गर्ने,

(ख) रोजगारीको खोजीमा रहेका व्यक्तिलाई रोजगार सेवा केन्द्रले उचित परामर्श उपलव्ध गराउने,

(ग) इकाई र स्थानीय तहले राष्ट्रिय र स्थानीय तहका रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायत आम सञ्चारका माध्ययमबाट सूचना सम्प्रेषण गर्ने।

(११) वातावरण तथा सामाजिक संरक्षण खाका कार्यान्वयनको लागि अनुसूची-९ बमोजिमको जोखिम निर्धारण तथा न्यूनिकरणका मार्गदर्शनको प्रयोग गर्नु पर्नेछ।

(१२) आयोजनाले जोखिममा रहेका व्यक्ति तथा परिवारको जोखिम न्यूनिकरण गर्ने र निज व्यक्ति तथा समूह लक्षित रोजगार आयोजना निर्माण गर्ने प्रयोजनका लागि देहायका क्रियाकलाप सञ्चालन गर्नेछः-

(क) लिङ्ग, जाती र आम्दानीको स्तर अनुसारको तथ्यांक सङ्कलन,

(ख) जोखिममा रहेका व्यक्ति तथा समुदाय लक्षित सूचनाको सम्प्रेषण, रणनीतिको तर्जुमा तथा कार्यान्वयन,

(ग) आयोजना कार्यान्वयनका क्रममा सम्भावित जोखिम र सोको न्यूनिकरणको विधि एवम् सकारात्मक परिणामको आँकलन,

(घ) व्यक्ति तथा वर्ग लक्षित तालिम तथा तालिमको पाठ्यक्रमको निर्माण,

(च) श्रमिकको न्यूनतम मापदण्ड, आचार संहिता एवम् लैङ्गीक हिंसा बिरुद्धका सम्बन्धमा मार्गदर्शन निर्माण,

(छ) आयोजना तर्जुमा र सञ्चालनका क्रममा नियमित छलफल तथा सुझाव संकलन,र

(ज) अनुगमन तथा मूल्याङ्कनमा वातावरण तथा सामाजिक संरक्षणका सूचकहरुको प्रयोग।

(१३) श्रम बजारमा विद्यमान असमानता, सामाजिक संरचना तथा पुरुषको रोजगारीका लागि स्थानान्तर लगायतका कारण सिर्जित समस्या र समुदायमा पिछडिएका महिलालाई मुलप्रवाहीकरण गर्न आयोजनाले लैङ्गिक समानता सम्बन्धी देहायका क्रियाकलाप सञ्चालन गर्नेछ:-

(क) महिलालाई लक्षित गरी रणनीति, कार्यनीति तथा सञ्चालन गर्ने गराउने,

(ख) आयोजनाले उपलव्ध गराउने रोजगारीमा न्यूनतम साठी प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्ने गराउने,

(ग) महिला-मैत्री रोजगार आयोजना सञ्चालन गर्ने,

(घ) महिला लक्षित वित्तीय साक्षरता, प्रजनन स्वास्थ्य, महिला सशक्तिकरण, आत्मबल र निर्णय गर्ने क्षमताको विकास, प्रभावकारी सञ्चार गर्न सक्ने तथा नेतृत्व लिन सक्ने क्षमता विकास लगायतका विषयमा क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने। यसका अतिरिक्त महिलालाई श्रम बजारमा प्रवेशका लागि अवसरहरुको खोजी, नयाँ व्यवसाय सुरु गर्न र सामुहिक कार्य गर्न सक्ने क्षमता विकासमा सहयोग उपलव्ध हुने,

(ङ) युवा उमेरका महिला लक्षित रोजगारी क्लबको स्थापना तथा सञ्चालनबाट रोजगार-योग्य सिपको हस्तान्तरण, र

(च) लैङ्गिक हिंसा विरुद्धको सूचना सम्प्रेषण तथा कार्यस्थल वातावरणको निर्माण।

## परिच्छेद-१४
## विविध

**७५. कार्यविधिको प्रयोग :** (१) यस कार्यविधिको प्रयोग नेपाल सरकार र विश्व बैंङ्क वीच भएको सम्झौता अनुसार युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनमा हुनेछ।

(२) यो कार्यविधिमा प्रयोग गरिएका कानुनका प्रावधानहरु सम्बन्धित कानुन संशोधन भएको अवस्थामा संशोधित कानुन बमोजिम नै मान्य हुनेछ।

(३) यो कार्यविधिका प्रावधान आयोजना कार्यान्वयनका लागि तय भएको वित्तीय सम्झौतासंग वाझिएमा वाझिएको हद सम्म वित्तीय सम्झौता नै मान्य हुनेछ।

७६. **कार्यविधिमा संशोधन हुन सक्ने :** मन्त्रालयले विकास साझेदारको सहमतिमा आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ।

७७. **वाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने :** मन्त्रालयले ऐन, नियमावली, निर्देशिका, वित्तीय सम्झौता र यो कार्यविधि विपरित नहुने गरी कार्यविधिको कार्यान्वयनमा वा क्रियाकलाप सञ्चालनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्विविधा परेमा व्याख्या गर्न सक्नेछ।


७८. **खारेजी र बचाउ :** (१) युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ खारेज गरिएको छ।

(२) युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अन्तर्गत भए गरेका सबै काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**आयोजना कार्यान्वयनका लागि संस्थागत संरचना**




**अनुसूची-२**

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**<u>इकाईमा रहने कर्मचारी र परामर्शदाताको व्यवस्था र काम, कर्तव्य तथा जिम्मेवारी</u>**

**(१) इकाईमा देहाय बमोजिमको दरबन्दी रहनेछ:-**



**(२) इकाईमा संलग्न कर्मचारीहरुको कार्यविवरण**

**(क) राष्ट्रिय आयोजना निर्देशक:** प्रधानमन्त्री रोजगार कार्यक्रमको राष्ट्रिय कार्यक्रम निर्देशक/श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सहसचिवले यस आयोजनाको राष्ट्रिय आयोजना निर्देशकको रुपमा देहायका जिम्मेवारीहरु वहन गर्नेछ:-

(१) आयोजनाको प्रमुख भई कार्य सम्पादन गर्ने, गराउने,
(२) आवश्यक नीतिगत तथा व्यवस्थापकिय जिम्मेवारी वहन गर्ने गराउने,
(३) आयोजनाको प्रभावकारी सञ्चालनको लागि आवश्यक निर्णय लिने तथा निर्देशन दिने,
(४) आवधिक रुपमा प्रगति समीक्षा गर्ने,
(५) कम्पोनेन्ट व्यवस्थापक र इकाईका कर्मचारीहरुको क्रियाकलापमा समन्वय, व्यवस्थापन र सहजता प्रदान गर्ने,
(६) आयोजना निर्देशक समितिको निर्देशनहरुको पालना गर्ने गराउने,
(७) आयोजना प्राविधिक समितिको सल्लाहको लागी एजेन्डा पहिचान गर्ने र प्रस्तुत गराउने,
(८) आयोजना व्यस्थापन इकाई तथा कर्मचारी/परामर्शदाताको व्यवस्थापन गर्ने,
(९) आयोजनाको वार्षिक कार्यक्रम, बजेट र कार्ययोजना तर्जुमा गरी आयोजना निर्देशक समितिको स्वीकृतिको लगि पेश गर्ने।
(१०) आयोजना व्यस्थापन इकाईले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने।

**(ख) कम्पोनेन्ट व्यवस्थापक**: कार्यक्रम व्यवस्थापन शाखाको उपसचिवले आयोजनाको कम्पोनेन्ट १ र २ एवम् अनुगमन, मूल्याङ्कन तथा सञ्चार शाखाको उपसचिवले कम्पोनेन्ट ३ र ४ को नेतृत्व गर्ने गरी कम्पोनेन्ट व्यवस्थापकहरूको जिम्मेवारी देहाय बमोजिम हुनेछ:-

(१) सम्बन्धित कम्पोनेन्टको वार्षिक कार्ययोजनाहरू र कार्यान्वयन योजनाहरूका साथै वार्षिक बजेट तयार गर्ने,
(२) सम्बन्धित कम्पोनेन्ट अन्तर्गत दैनिक क्रियाकलापहरुको व्यवस्थापन गर्ने, साथै आयोजनाको परामर्शदाताहरुको सुपरिवेक्षण गर्ने र आयोजना सञ्चालन कार्यविधि र योजनाहरू अनुसार कार्यान्वयन सुनिश्चित गर्ने,
(३) सम्बन्धित कम्पोनेन्ट अन्तर्गत स्थानीय तहहरुको लागि तालिम मोड्युलहरू चयन गर्ने, स्वीकृतिको लागि पेश गर्ने, व्यवस्थापनको प्रवन्ध मिलाउने,
(४) परामर्श सेवाको कार्य-शर्तहरू तयार गर्ने, बोलपत्र कागजातको ढाँचाहरु तयार गर्ने र इकाई लाई वस्तु तथा सेवाको खरिदमा सहयोग गर्ने,
(५) आयोजनाको सम्बन्धित कम्पोनेन्टका सम्बन्धमा राष्ट्रिय आयोजना निर्देशकको निर्देशनानुसार आफ्नो क्षेत्रानुसारको सरोकारवालाहरूसँग सम्पर्क स्थापना गर्ने गराउने,
(६) आयोजना निर्देशक समिति, राष्ट्रिय आयोजना निर्देशक वा प्राविधिक समितिले तोकेका क्रियाकलापहरु सम्पन्न गर्ने गराउने।

**(ग)** **लेखा प्रमुख**: राष्ट्रिय आयोजना निर्देशकको मार्गदर्शनमा आयोजनाको वित्तीय व्यवस्थापनमा लेखा प्रमुखले देहायको जिम्मेवारी वहन गर्नेछ:-

(१) विश्व बैंक र नेपाल सरकारको सहमती अनुसारको वित्तीय अनुशासन कायम गर्ने गराउने,

(२) वार्षिक बजेट तयार गरी प्रदेश र स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गर्ने गराउने,

(३) संकलित आर्थिक विवरण अनुसार सोधनान्तर रकमको निर्क्योल गर्ने र निर्णयार्थ पेश गर्ने,

(४) आयोजनाको एकिकृत वित्तीय विवरण तयार गर्ने तथा लेखा परिक्षण गर्ने गराउने,

(५) वित्तीय व्यवस्थापन तथा स्वीकृत वित्तीय मापदण्डको सम्बन्धमा अभिमुखीकरण सञ्चालन गर्ने गराउने,

(६) राष्ट्रिय आयोजना निर्देशकको निर्देशन अनुसार अन्य कार्य गर्ने गराउने।

**(घ)** **लेखा अधिकृत**: राष्ट्रिय आयोजना निर्देशक तथा लेखा प्रमुखको निर्देशनमा लेखा अधिकृतले देहायको जिम्मेवारी वहन गर्नेछ:-

(१) आयोजनाको वार्षिक अनुमानित बजेट तयार गर्ने, दैनिक वित्तीय व्यवस्थापन गर्ने र आयोजनाको लेखा राख्ने,

(२) आयोजनाको खर्च स्वीकृत मापदण्ड अनुसार भुक्तानी गर्ने,

(३) आवधिक वित्तीय प्रतिवेदनहरु तयार गर्ने,

(४) आन्तरिक तथा वाह्य लेखा परिक्षणको लागि वित्तीय विवरण तयार गर्ने,

(५) स्थानीय तहको आयोजनाको वित्तीय व्यवस्थापन सम्बन्धी सम्पर्क विन्दुको रूपमा काम गर्ने,

(६) राष्ट्रिय आयोजना निर्देशक तथा लेखा प्रमुखको निर्देशन अनुसार अन्य कार्य गर्ने।

**(ङ)** **शाखा अधिकृत:** राष्ट्रिय आयोजना निर्देशक र कम्पोनेन्ट व्यवस्थापकको जिम्मेवारी कार्यान्वयनमा सहयोग गर्नु कम्पोनेन्ट व्यवस्थापकहरू मातहत रहने शाखा अधिकृतको प्रमुख जिम्मेवारी हुनेछ।

**(च)** **सूचना प्रविधि अधिकृत:** राष्ट्रिय आयोजना निर्देशक र कम्पोनेन्ट व्यवस्थापकको निर्देशन अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र आयोजना अन्तर्गतको सूचना प्रविधि व्यवस्थापनमा सहयोग गर्नु सूचना प्रविधि अधिकृतको जिम्मेवारी हुनेछ।

**(३) इकाईमा रहने परामर्शदाताको कार्यविवरण, योग्यता र अनुभव देहाय अनुसार हुनेछ**

**(क)** **खरिद विज्ञ :** राष्ट्रिय आयोजना निर्देशक मातहत कार्य गर्ने गरी नियुक्त खरिद विज्ञको वस्तु तथा सेवा खरिदसंग सम्बन्धित क्रियाकलापहरूमा आवश्यक सहयोग प्रदान गर्ने जिम्मेवारी हुनेछ। आयोजना सम्बन्धी वित्तीय सम्झौता, नेपाल सरकारको खरिद नियमन र निर्देशिका, विश्व बैंकको खरिद निर्देशिका र आयोजना सञ्चालन कार्यविधिको परिधि भित्र वस्तु तथा सेवाको खरिदको क्रियाकलापहरु सञ्चालन गर्ने गराउने जिम्मेवारी खरिद विज्ञको हुनेछ। यसका अतिरिक्त खरिद विज्ञले इकाई र स्थानीय तहहरुको खरिद सम्बन्धी क्षमता अभिवृद्धि गर्न सहयोग गर्नेछ।

**(१) खरिद विज्ञको काम, कर्तव्य र जिम्मेवारी**

(क) खरिद योजना तयारी र आवश्यकता अनुसार संशोधन गर्न सहयोग गर्ने,

(ख) वस्तुको खरिद, परामर्श र गैर-परामर्श सेवा र आयोजनाको अन्य क्रियाकलापहरुका खरिद सम्बन्धित बोलपत्र कागजात, आसय पत्र, प्रस्ताव आहवानसमबन्धी सम्पूर्ण कागजातहरू तयारी, परामर्श र गैर-परामर्श सेवा खरिद गर्न आवश्यकताको विवरण, कार्य-शर्त, लागत अनुमान लगायत मूल्याङ्कनका मापदण्ड तयार गर्न सहयोग गर्ने,

(ग) इकाईलाई बोलपत्र/प्रस्तावहरु मूल्याङ्कन गर्न र प्रतिवेदनको मस्यौदा तयार गर्न सहयोग गर्ने,

(घ) विश्व बैक लगायतका विकास साझेदारको श्रोत समावेश भएको खरिद क्रियाकलापहरुमा विश्व बैंकबाट स्वीकृति प्राप्त गर्नुपर्दाका लागि आवश्यक कागजात तयार गर्न र अन्य प्रक्रियागत व्यवस्थापन गर्नका लागि इकाईलाई सहयोग गर्ने,

(ङ) आयोजनाका लागि आवश्यक वस्तु र सेवाहरु समयमै खरिद गर्ने प्रक्रिया सुनिश्चित गर्न सहयोग र सल्लाह प्रदान गर्ने।

(च) इकाई र स्थानीय तहका खरिद क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक क्षमता अभिवृद्धिका कार्यहरु गर्न सहयोग गर्ने,

(छ) स्थानीय तहमा रहेका खरिद केन्द्रहरुले पालना गर्नु पर्ने खरिद कार्यविधि मस्यौदा तयार गर्न सहयोग गर्ने,

(ज) आयोजनासंग सम्बन्धित खरिद क्रियाकलापहरुको उपलब्धि प्रतिवेदन तयार गरी इकाई र विश्व बैकलाई उपलव्ध गराउने,

(झ) आयोजनाको खरिद क्रियाकलापसंग सम्बन्धित कुनै गुनासो प्राप्त भएमा इकाईलाई गुनासो सम्बोधन गर्न आवश्यक विश्लेषण गरी सहयोग गर्ने,

(ञ) आयोजनासँग सम्वद्द खरिद कार्य, अध्ययन एवं अन्य लेखाजोखाका कार्यहरुमा आवश्यक पृष्ठपोषण तयार गर्न सहयोग गर्ने,

(ट) आयोजनाबाट भएको खर्च शोधभर्नाको लागि तयार भएको शोधभर्ना आवेदन तथा अन्य कार्यहरुमा खरिद विज्ञको रुपमा सल्लाह दिने,

(ठ) राष्ट्रिय आयोजना निर्देशकद्वारा तोकिएका अन्य खरिद सम्बन्धी क्रियाकलापहरुमा सहयोग गर्ने।

**(२) खरिद विज्ञको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(क) व्यवस्थापन वा अन्य सम्बन्धित विषयमान्यूनतम स्नातक तह उत्तिर्ण भएको । सरकारी, गैरसरकारी, कुटनीतिक निकाय तथा सोका आयोजना तथा अन्य संगठित क्षेत्रमा सार्वजनिक खरिद विज्ञ अथवा अधिकृतको पदमा रहेर कम्तिमा पाँच वर्षको कार्य अनुभव भएको।

(ख) नेपाल सरकार तथा विश्व बैंकको नीति, प्रक्रियाहरु तथा कार्यविधिसंग परिचित एवम् विश्व बैंक वा अन्य विकास साझेदारबाट आर्थिक सहयोग प्राप्त आयोजनाका खरिद सम्बन्धी क्षेत्रमा कार्य अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

(ख) **वित्त व्यवस्थापन विज्ञ:** राष्ट्रिय आयोजना निर्देशक मातहत कार्य गर्ने गरी नियुक्त वित्तीय व्यवस्थापन विज्ञले समन्वय, निरिक्षण, र समग्र प्रभावकारी वित्तीय व्यवस्थापनको लागि प्राविधिक सहयोग उपलव्ध गराउनेछ। यसका अतिरिक्त वित्तीय व्यवस्थापन विज्ञले इकाई र स्थानीय तहहरुको वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्नेछ।

**(१) वित्त व्यवस्थापन विज्ञको काम, कर्तव्य र जिम्मेवारी**

(क) इकाईलाई वित्तिय व्यवस्थापन र प्रतिवेदन तयारी सम्वन्धी कार्यका लागि आवश्यकता सहयोग गर्ने,

(ख) आयोजनाको वार्षिक बजेट तयार गर्न सहयोग गर्ने,

(ग) आयोजनाको लेखापरीक्षण र वित्तीय अनुगमनसंग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयनमा सहयोग गर्ने,

(घ) आयोजनाको मासिक, त्रैमासिक, चौमासिक, अर्ध वार्षिक र बार्षिक वित्तिय विवरण/प्रतिवेदन (आवश्यकता अनुसार) र अन्य वित्तीय विवरणहरू तयार गर्न सहयोग गर्ने,

(ङ) आयोजनाका भुक्तानीहरु प्रचलित कानुन र विश्व बैंकको वित्तीय सम्झौता बमोजिम रहेको सुनिश्चित गर्न इकाईलाई सहजीकरण र सहयोग गर्ने,

(च) डेस्क समीक्षा र स्थलगत भ्रमणबाट प्राप्त सूचनाका आधारमा सम्पूर्ण खर्चको वित्तीय अनुगमन प्रतिवेदन तयार गरी इकाईमा र विश्वबैकमा पेश गर्ने,

(छ) विश्व बैंकबाट स्वीकृत खातामा भएको कारोबारको प्रतिवेदन (आवश्यकता अनुसार) तयार गर्न आर्थिक प्रशासन शाखालाई सहयोग गर्ने,

(ज) इकाईबाट सम्झौतामा उल्लेख भए अनुसार विश्व बैंकबाट सोधभर्ना प्राप्त गर्ने, वित्तिय प्रतिवेदनहरु समयमा पठाउने कार्यहरुमा आर्थिक प्रशासन शाखालाई आवश्यक सहयोग गर्ने,

(झ) इकाई र विश्व बैंकलाई वित्तीय विवरण र अभिलेखको अधावधिक सूची तयार गरी वित्तिय सूचना दुरुस्त रहेको सुनिश्चित गर्न सहयोग गर्ने,

(ञ) आयोजनाबाट सञ्चालित क्रियाकलापहरुमा वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक नीति, कार्ययोजना एवं आन्तरिक नियन्त्रण प्रणाली तयार गर्न र कार्यान्वयन गर्न सहयोग गर्ने,

(ट) आयोजना अन्तर्गत स्थानीय तहमा भएका खर्चहरुको अनुगमन गरी सो को प्रतिवेदन इकाई र विश्व बैकमा पेश गर्ने,

(ठ) आयोजनाबाट सञ्चालित विभिन्न क्रियाकलापहरुका लाभग्राहीहरुलाई भुक्तानी गरेको ज्यालाको विस्तृत प्रतिवेदन तयार गर्न इकाईलाई सहयोग गर्ने,

(ड) आयोजनासँग सम्वद्द वित्तीय विश्लेषण, अध्ययन एवं अन्य लेखाजोखाका कार्यहरुमा आवश्यक पृष्ठपोषण तयार गर्न आर्थिक प्रशासन शाखालाई सहयोग गर्ने,

(ढ) आयोजनाका विभिन्न वस्तु र सेवाको खरिदका लागि खरिद बिज्ञले तयार गरेको कागजातमा वित्तीय बिज्ञको रुपमा सल्लाह दिने,

(ण) राष्ट्रिय आयोजना निर्देशकको निर्देशन अनुसार आर्थिक प्रशासन प्रमुखको सुपरीवेक्षणमा रही अन्य कुनै वित्तीय व्यवस्थापन सम्बन्धी क्रियाकलाप गर्ने।

**(२) वित्त व्यवस्थापन विज्ञको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(क) चार्टर्ड एकाउन्टिङ्ग वा सम्बन्धित क्षेत्रमा न्यूनतम स्नातकोत्तर उत्तिर्ण भई सरकारी, गैर-सरकारी, कुटनीतिक निकाय तथा सोका आयोजना तथा अन्य संगठित क्षेत्रमा सार्वजनिक वित्तीय व्यवस्थापकको पदमा रही कम्तिमा १० वर्षको कार्य अनुभव भएको।

(ख) नेपाल सरकार तथा विश्व बैंकको नीति, प्रक्रियाहरु तथा कार्यविधिसंग परिचित एवम् विश्व बैंक अन्य विकास साझेदारबाट आर्थिक सहयोग प्राप्त आयोजनाका वित्तीय व्यवस्थापन सम्बन्धी क्षेत्रमा कार्य अनुभव भएका उम्मेद्वारलाई विशेष ग्राह्ययता दिनुपर्नेछ।

**(ग) आयोजना व्यवस्थापन विज्ञ/अधिकृत:** आयोजना व्यवस्थापन इकाईमा राष्ट्रिय आयोजना निर्देशक मातहत कार्य गर्ने गरी नियुक्त आयोजना अधिकृतले योजना, अनुगमन, बजेट र कर्मचारी नियुक्ति लगायत आयोजनाको योजना, व्यवस्थापन तथा मूल्याङ्कनका सबै क्षेत्रमा सहयोग गर्नेछ।

**(१) आयोजना व्यवस्थापन विज्ञ/अधिकृतको काम, कर्तव्य र जिम्मेवारी**

**(क) आयोजना सम्बन्धी जिम्मेवारी**

(१) इकाई, आयोजना प्राविधिक समिति र आयोजना निर्देशक समितिका लागि बैठकको तयारी गर्ने,

(२) आयोजनाको बजेट, कर्मचारी व्यवस्थापन लगायतका क्षेत्रमा सहयोग गर्ने।

**(ख) आयोजनाको व्यवस्थापन सम्बन्धी जिम्मेवारी**

(१) वस्तु तथा सेवाको खरिदको लागि कार्यशर्त/विवरण तयार गरी खरिद प्रक्रियामा सहयोग गर्ने,

(२) आयोजनाको नियमित भौतिक र आर्थिक प्रतिवेदन तयार गर्नमा सहयोग गर्ने,

(३) आयोजनामा कार्यरत कर्मचारी तथा परामर्शदातालाई सहयोग उपलव्ध गराउने,

(४) विभिन्न बैठक सञ्चालनको लागि आवश्यक पर्ने सन्दर्भ सामाग्री तथा प्रस्तुतीकरणहरु तयार गर्ने र बैठकको निर्णय प्रतिवेदन तयार गर्ने,

**(ग) अनुगमन र मूल्याङ्कन सम्बन्धी जिम्मेवारी**

(१) आयोजनाको नियमित तथा आवधिक अनुगमन तथा मूल्याङ्कनका लागि सहयोग गर्ने।

**(घ) अन्य जिम्मेवारी**

(१) इकाई, आयोजना प्राविधिक समिति र आयोजना निर्देशक समितिको बैठकको एजेन्डा र निर्णय संकलन गरेर अभिलेख गर्ने,

(२) दस्तावेजिकरणको व्यवस्थापन तथा सहजीकरण गर्ने तथा फलो-अप प्रगति प्रतिवेदनका मस्यौदा तयार गर्ने,

(३) इकाई, आयोजना प्राविधिक समिति र आयोजना निर्देशक समितिमा छलफल भएका आयोजनाको योजना, कार्यविधि, कार्यान्वयन र अनुगमन क्रियाकलापहरुको सम्बन्धित दस्तावेजलाई व्यवस्थित गर्ने,

(४) आयोजना व्यवस्थापन सम्बन्धी बिषयमा इकाईलाई विज्ञको रुपमा सल्लाह दिने,

(५) वित्तिय व्यवस्थापन तथा खरिद सम्बन्धी कार्यमा सहयोग तथा सहजिकरण गर्ने,

(६) राष्ट्रिय आयोजना निर्देशकद्वारा तोकिएका अन्य कुनै आयोजना कार्यान्वयन सम्बन्धी क्रियाकलापहरुमा सहयोग गर्ने।

**(२) आयोजना व्यवस्थापन विज्ञ/अधिकृतको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(क) व्यवस्थापन वा सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी आयोजना व्यवस्थापनसम्बन्धी विषयमा ५ वर्षको कार्य अनुभव भएको।

(ख) नेपाल सरकार तथा विश्व बैंकको नीति, प्रक्रियाहरु तथा कार्यविधिसंग परिचित एवम् विश्व बैंक अन्य विकास साझेदार (हरु) को आर्थिक सहयोगमा सञ्चालित आयोजनामा खरिद, प्रशासन तथा आयोजना व्यवस्थापनमा अनुभव वा तालिम प्राप्त गरेका उम्मेदवारलाई विशेष ग्राह्यता दिइनेछ।

(ग) आयोजना व्यवस्थापन विज्ञ/अधिकृतमा देहायका सीपहरु हुनु पर्नेछः

(१) आयोजनाका उद्देश्य र परिणाम प्राप्तिका लागि टोलीको सदस्यको रुपमा काम गर्न सक्ने सक्षमता भएको,

(२) प्रविधिको प्रयोग तथा नयाँ सीप सिक्न सक्ने,

(३) लिखित र मौखिक रूपमा सञ्चार तथा प्रस्तुती गर्ने उत्कृष्ट क्षमता रहेको,

(४) स्पष्ट रुपमा विचार र खोजी व्यक्तगर्न सक्ने,

(५) उत्कृष्ट संगठनिक र व्यवस्थापन क्षमता भएको।

(४) **अनुगमन तथा मुल्यांकन विज्ञ**: इकाईमा राष्ट्रिय कार्यक्रम निर्देशकको मातहत कार्य गर्ने गरी नियुक्त अनुगमन तथा मूल्याङ्कन विज्ञले प्रभावकारी अनुगमन र मूल्याङ्कनका लागि प्राविधिक सहयोग उपलव्ध गराउनेछ। यसका अतिरिक्त अनुगमन तथा मूल्याङ्कन विज्ञले इकाई र स्थानीय तहहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्नेछ।

**(क) अनुगमन तथा मूल्याङ्कन विज्ञको काम, कर्तव्य र जिम्मेवारी**

(१) इकाईलाई समग्र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि प्राविधिक सहयोग प्रदान गर्ने,

(२) आयोजनाका क्रियाकलापहरुका लागि अनुगमन तथा मूल्याङ्कनको खाका र कार्ययोजना तयार गर्न सहयोग गर्ने,

(३) आयोजनाको नियमित अनुगमन संग सम्बन्धित क्रियाकलापहरुमा सहयोग गर्ने,

(४) आयोजनाको नतिजा, उपलब्धि तथा प्रभावहरू मापन गर्न उपयुक्त विधिहरू प्रयोग गरी गरिने सर्वेक्षण, अध्ययन वा मूल्याङ्कनहरूका लागि आवश्यक प्रश्नावलीहरूको विकास गर्न र सञ्चालन गर्न सहयोग गर्ने,

(५) रोजगार सेवा केन्द्रका कर्मचारीहरूको लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण वा तालिम सञ्चालनमा सहयोग गर्ने,

(६) आयोजना अन्तर्गत तिनवटै कम्पोनेन्टका लागि नियमित (मासिक, चौमासिक, अर्ध वार्षिक र बार्षिक) प्रगति प्रतिवेदन पेश गर्ने,

(७) दस्तावेजहरुको समीक्षा र स्थलगत भ्रमणबाट प्राप्त खोजका आधारमा अनुगमन प्रतिवेदन तयार गर्ने,

(८) इकाईलाई आयोजनाबाट सञ्चालित विभिन्न क्रियाकलापहरुका भौतिक तथा वित्तीय जोखिम न्यूनीकरण गर्नका लागि आवश्यक नीति, कार्ययोजना र आन्तरिक नियन्त्रण प्रणाली निर्माण र लागू गर्न सहयोग गर्ने,

(९) आयोजना व्यवस्थापनको स्थानीय तहमा गुनासो व्यवस्थापन संयन्त्र विकास तथा कार्यान्वयनमा सहयोग गर्ने,

(१०) अनुगमनका नतिजाहरूलाई रोजगार व्यवस्थापन सूचना प्रणाली मा समावेश गर्न सहयोग गर्ने,

(११) अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश र स्थानीय सरकारसंग समन्वय गर्न सहयोग गर्ने,

(१२) अनुगमन तथा मूल्याङ्कनका बिषयमा इकाईलाई विज्ञको रुपमा सल्लाह दिने,

(१३) राष्ट्रिय आयोजना निर्देशकको निर्देशन अनुसार अन्य कुनै अनुगमन तथा मूल्याङ्कनका सम्बन्धी क्रियाकलाप गर्ने।

**(ख) अनुगमन तथा मूल्याङ्कन विज्ञको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(१) कृषि विज्ञान, सामाजिक विज्ञान, व्यवस्थापन, वातावरण विज्ञान, प्राकृतिक विज्ञान वा सम्बन्धित क्षेत्रमा न्यूनतम स्नातकोत्तर उत्तिर्ण भई सरकारी, गैर-सरकारी, कुटनीतिक निकाय तथा सोका आयोजना तथा अन्य ग्रामीण समुदाय संग सम्बन्धित संगठित क्षेत्रमा कम्तिमा आठ वर्षको कार्य अनुभव भएको।

(२) नेपाल सरकार, विश्व बैंक, वा अन्य विकास साझेदार (हरु) बाट आर्थिक सहयोग प्राप्त आयोजनाका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कम्तिमा चार वर्षको कार्य अनुभव भएको।

(५) **वातावरण तथा सामाजिक सुरक्षण विज्ञः** वातावरणीय र सामाजिक सुरक्षण विज्ञले इकाईलाई वातावरणीय र सामाजिक जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न र व्यवस्थापन गर्न र परियोजना अन्तर्गत पर्ने प्रभावहरू, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वातावरणीय र सामाजिक सुरक्षण क्षमतालाई अबलम्बन गर्ने गतिविधिहरू सहित, र परियोजनाको गुणस्तर बढाउदै र अनुपालन गर्न मद्दत गर्नेछन। विज्ञले आयोजना व्यवस्थापन इकाई भित्रका उप आयोजनाहरुमा विश्व बैंकको सुरक्षण नीतिहरू तथा लैङ्गिक सम्बन्धी गतिविधिहरू कार्यान्वयन र अनुगमन गर्न पनि सहयोग गर्नेछन्।

**(क) वातावरण तथा सूरक्षण विज्ञको काम, कर्तव्य र जिम्मेवारीः**

(१) परियोजनाको सामाजिक तथा वातावरणीय सुरक्षण खाका अनुसार परियोजना गतिविधिहरूको लागि वातावरणीय र सामाजिक स्क्रिनिङहरू गर्न बाताबरण तथा सामाजिक अनुपालनलाई अबलम्बन गर्न र कुनै पनि वातावरणीय र सामाजिक अध्ययन र वातावरणीय र सामाजिक व्यवस्थापन योजनाहरूको तयारी, वा आवश्यकता अनुसार न्यूनीकरण उपायहरूको विकास र कार्यान्वयन गराउन सहयोग गर्ने।

(२) वातावरणीय र सामाजिक अनुपालनलाई वातावरण तथा सामाजिक व्यवस्थापन खाका, वातावरण तथा सामाजिक व्यवस्थापन योजना आदि सम्बन्धित गतिविधिहरू कार्यान्वयन गर्न निर्देशन र सल्लाह प्रदान गर्ने जसमा परामर्श, सचेतना अभिवृद्धि र प्रसार इत्यादि। परियोजना गतिविधिहरूको प्रत्यक्ष वा अप्रत्यक्ष, तथा अन्य प्रभावहरूबाट सम्भव भएसम्म वातावरणीय ह्रास र नकारात्मक सामाजिक प्रभावलाई जोगाउन र न्यूनीकरण गर्न बाताबरणणीय र सामाजिक आनुपालनलाई सहयोग गर्ने। जसले परियोजना गतिविधिहरूलाइ सकारात्मक र दिगो वातावरणीय र सामाजिक परिणामहरू दिने गर्दछ। वाताबरण तथा सामाजिक व्यवस्थापन खाकाको अनुपालनमा गतिविधिहरू कार्यान्वयन भइरहेको सुनिश्चित गर्न परियोजना गतिविधिहरूको अनुगमन र पर्यवेक्षण गर्न, र सामाजिक तथा वातावरणीय सुरक्षण खाकाको आवश्यकता अनुसार परियोजना निर्देशक र विश्व बैंकलाई गतिविधिहरूको कार्यान्वयनको आवधिक प्रतिवेदन गर्ने।

(३) सामाजिक तथा वातावरणीय सुरक्षण खाकामा समाहित भएका जोखिममा परेका समुदाय विकास फ्रेमवर्कद्वारा प्रदान गरिएको निर्देशनको आधारमा आवश्यकता अनुसार कमजोर समुदाय विकास योजनाहरू विकास र कार्यान्वयन गर्न स्थानीय सरकारलाई सहयोग गर्ने। जोखिममा परेका समूहहरूको परियोजना-सम्बन्धमा पहुँच र परियोजनाबाट प्राप्त जानकारी र विकास लाभहरू बारे जानकारी छ भन्ने कुरा सुनिस्चित गर्ने।

(४) परियोजनाका गतिविधिहरू परियोजनाका लागि विकसित गरिएको कोभिड-१९ संग सम्बन्धित व्यावसायिक स्वास्थ्य र सुरक्षा मापदण्डहरू अनुरूप सञ्चालन भइरहेका छन् भनी सुनिश्चित गर्ने।

(५) परियोजनाको गुनासो व्यवस्थापन संयन्त्रको प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्नु, प्राप्त गुनासो को उचित सम्बोधन गर्दै तिनीहरुको अभिलेखीकरण प्रतिवेदनमा समाबेश गर्ने।

(६) सामाजिक तथा वातावरणीय सुरक्षण खाकाले अद्यावधिक गर्दै आवधिक समीक्षा गर्ने, र आवश्यकता अनुसार संशोधन र अद्यावधिक विवरण समावेश गर्ने।

(७) रोजगार सेवा केन्द्र, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, ठेकेदारहरू, र लगायतका सान्दर्भिक कर्मचारीहरूसँग व्यावसायिक स्वास्थ्य र सुरक्षा र कोभिड-१९ व्यावसायिक स्वास्थ्य र सुरक्षा-सम्बन्धित दिशानिर्देशहरू सहित सामाजिक तथा वातावरणीय सुरक्षण खाका र विश्व बैंक सुरक्षाहरूमा साझेदारी र प्रशिक्षण सहित क्षमता अभिवृद्दी कार्य सञ्चालन गर्ने।

(८) अन्य सम्बन्धित सरकारी अधिकारीहरू लाई यसमा सामाजिक तथा वातावरणीय सुरक्षण खाका गुनासो सुनुवाई संयन्त्र सञ्चालनको कार्यान्वयन, यौन शोषण र दुर्व्यवहार र यौन उत्पीडन विरुद्धको न्यूनीकरण सम्बन्धित परियोजना सरोकारवालाहरूलाई अभिमुखीकरण र प्रशिक्षण गर्ने।

(९) वातावरण तथा सामाजिक व्यवस्थापन योजनाको कार्यान्वयन सहित परियोजना गतिविधिहरूमा रिपोर्ट गर्न मद्दत गर्न सम्बन्धित परियोजना कर्मचारी, विश्व बैंक, र अन्य सरोकारवालाहरूसँग नियमित सञ्चार कायम राख्ने।

(१०) कुनै पनि अन्य अप्रत्याशित परियोजना-सम्बन्धित वातावरणीय समस्याहरू आएमा त्यसको व्यवस्थापन गर्ने।

(११) परियोजना अन्तर्गतका गतिविधिहरुमा लैंगिक समावेशिता सुनिस्चितताको लागि सहयोग गर्ने।

(१२) परियोजना गतिविधिहरूमा लाभार्थी मूल्याङ्कनको तयारी र वितरणलाई सहजीकरण गर्ने।

(१३) मुख्य लिंग, सामाजिक सूचकहरू र रिपोर्टहरूको परियोजना श्रम बजार सूचना प्रणालीमा अलग-अलग तथ्याङ्क (लिङ्ग, जात र जाति) सङ्कलन र राख्न सहजीकरण गर्ने।

(१३) वातावरण तथा सामाजिक सुरक्षण सम्बन्धी बिषयमा इकाईलाई विज्ञको रुपमा सल्लाह दिने,

(१५) राष्ट्रिय आयोजना निर्देशकको निर्देशन अनुसार वातावरण तथा सामाजिक सुरक्षण सम्बन्धी अन्य कार्य गर्ने।

**(ख) वातावरण तथा सूरक्षण विज्ञको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(१) समाजशास्त्र, सामाजिक विज्ञान वा मानवविज्ञानको क्षेत्रमा स्नातकोत्तर वा बाताबरण विज्ञान/ इन्जिनियरिङ् र प्राकृतिक स्रोत व्यवस्थापनमा सामाजिक विज्ञान, मानव विज्ञानमा अनुभवको साथ स्नातकोत्तर उत्तिर्ण गरेको।

(२) समाजशास्त्र/सामाजिक विज्ञान/मानवविज्ञान र वातावरणीय विज्ञान/वातावरणीय व्यवस्थापन/वातावरणीय इन्जिनियरिङ दुवै क्षेत्रलाई समेट्ने न्यूनतम पाँच वर्षको अनुभव भएको ।

(३) नेपालको सामाजिक सुरक्षा क्षेत्रको अनुभव र/वा ज्ञान भएको।

(४) GBV र SEA/SH लगायत क्षेत्रमा सामुदायिक विकासमा लैङ्गिक ज्ञान र समावेशीकरणको ज्ञान भएको।

(५) विश्व बैंकसँग काम गरेको पहिलेको अनुभव र/वा विश्व बैंकको सुरक्षा नीतिहरूको प्रदर्शन गरिएको ज्ञान, वा ADB जस्ता अन्य दाता-अनुदान प्राप्त परियोजनाहरूसँगको अनुभव थप फाइदा हो।

(६) उत्कृष्ट पारस्परिक, संगठनात्मक, रिपोर्ट लेखन र टोली कार्य कौशल हुनुपर्ने ।|

(७) कम्प्युटर सञ्चालन मा राम्रो ज्ञान र सीपहरू (Microsoft Word, Power Point, आदि) र अन्य सान्दर्भिक कम्प्युटर प्रयोग गर्न सक्ने।

(८) नेपाली र अंग्रेजी दुवैमा बलियो लिखित र मौखिक संचार गर्ने।

**(६) <u>सूचना प्रविधिक विज्ञ/अधिकृतः</u>** इकाई अन्तर्गत कार्य गर्ने गरि नियुक्त सूचना प्रविधि अधिकृतले सूचना प्रविधि प्रणाली सम्बन्धी क्रियाकलापमा आवश्यक सहयोग प्रदान गर्ने जिम्मेवारी हुनेछ। आयोजनामा हालको सूचना प्रविधिको कार्यक्षमता निरीक्षण, व्यवस्थापन, समग्र प्रणालीको अनुगमन र सञ्चालनमा प्राविधिक सहयोग उपलब्ध गराउने छन् । सूचना प्रविधि अधिकृतले आयोजना व्यवस्थापन इकाई तथा स्थानीय तहहरुमा रोजगार व्यस्थापन प्रणाली व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्नेछन्। राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली विकासको अवधारणालाई प्रणाली विकासका लागि प्रतिवेदन तथा टेन्डर प्रक्रियाका कार्यमा सहयोग गर्नेछन्।

**<u>(क) सूचना प्रविधिक विज्ञ/अधिकृतको काम, कर्तव्य र जिम्मेवारी</u>**

(१) रोजगार व्यवस्थापन सूचना प्रणालीलाई आई. टि. फर्मबाट हस्तान्तरण प्रक्रियामा सहयोग गर्ने र प्रणाली सञ्चालन, व्याकअप, कोड, प्राविधिक कागजातहरू आदिको सन्दर्भमा यसको निरन्तरता प्रदान गर्ने तथा समयबद्ध कार्ययोजनाको विकास गर्ने।

(२) डाटा सेन्टर र डाटा रिकभरी साइटहरूमा राखिएको प्रणालीहरूको समग्र निगरानी गर्ने।

(३) प्रणालीको नियमित ब्याक-अप लिने तथा निगरानी गर्ने।

(४) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली र एकीकृत श्रम बजार सूचना प्रणालीको डिजाइन र विकास गर्न योग्य फर्म छनौटका लागि आवश्यक सम्बन्धित कागजातहरू जस्तै प्राविधिक निर्देशन, मूल्याङ्कन मापदण्डहरू आदि विकास गर्ने तथा आई.टी. सम्बन्धी खरिदका लागी खरिद विज्ञ संग आवश्यक समन्वय गर्ने।

(५) हालको रोजगार व्यवस्थापन सूचना प्रणालीको डाटा विश्लेषण, समीक्षा तथा प्रमाणीकरण गरी आवश्यक सुधारात्मक कार्यहरू गर्ने।

(६) युवा रोजगार रुपान्तरण पहल परियोजना को कार्यान्वयनको लागि महत्वपूर्ण भुक्तानी प्रक्रिया, गुनासो व्यवस्थापन तथा निवारण र अन्य आवश्यक उप-प्रणालीहरु रोजगार व्यवस्थापन सूचना प्रणाली डिजाइन गर्ने।

(७) रोजगार व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण र राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली को विकासको क्रममा सम्भावित प्राविधिक समस्याहरूको पहिचान र प्रतिवेदन तयार गरी सम्भावित चुनौतिहरूलाई न्यूनीकरण र उपयुक्त समाधान उपायको नेतृत्व गरी स्पष्ट सिफारिस र समयबद्ध कार्य योजना प्रदान गर्ने।

(८) प्रणालीहरू निगरानी गरी सेवा प्रदायकसँग समन्वयमा कार्यान्वयनको क्रममा कुनै पनि समस्या वा त्रुटिको निवारण र अन्य सम्बन्धित प्राविधिक मामिलाहरूको समयमै समाधान गर्ने।

(९) समयमै डाटा व्याकअप र प्रणालीको नियमित अनुगमनमा प्रमुख भूमिका निर्वाह गर्ने।

(१०) सबै (अवस्थित र नयाँ) प्रणालीको डाटा सुरक्षा साथै व्यक्तिगत गोपनीयता कायम राख्ने।

(११) श्रम तथा रोजगार सामाजिक सुरक्षा मन्त्रालयका लागि एकिकृत सूचना प्रणाली प्लेटफर्म स्थापना गर्न प्राविधिक र कार्यात्मक दायरा विकास गर्ने।

(१२) एकिकृत राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली/श्रमिक सूचना बैंकका विकासका लागी उपयोगिता र सान्दर्भिकताको सन्दर्भमा अवस्थित आई.सि.टि पूर्वाधार (अवस्थित प्रणाली, हार्डवेयर, जडान, मानव क्षमता) को विश्लेषण गर्ने।

(१३) सरकारी व्यवस्थापन सूचना प्रणालीहरू बीच एप्लिकेसन प्रोग्रामिङ इन्टरफेसबाट डाटा आदानप्रदान सहित एकीकृत डाटा व्यवस्थापन प्रणालीको मूल्याङ्कन र सुझाव दिने।

(१४) राष्ट्रिय रोजगार सूचना प्रणाली/श्रमिक सूचना बैंक प्रणालीका आवश्यक अध्ययन तथा अनुसन्धान गरी विकास चरणहरूमा प्राविधिक सहयोग प्रदान गर्ने।

(१५) प्रणालीका आवश्यक अध्ययन गरि Government Enterprise Architecture (GEA) अनुसार प्रणाली विकासका प्रतिवेदनहरुमा समावेश गर्ने।

(१६) प्रयोगकर्ता व्यवस्थापन, भूमिका व्यवस्थापन र डाटा व्यवस्थापन प्रणालीको प्रशासनिक व्यवस्थापनमा सहयोग गर्ने।

(१७) प्रणाली सम्बन्धी गुनासो/प्रतिक्रिया कागजात गर्नुहोस् र समस्या निवारण, प्रणाली परिवर्तन/परिमार्जन/अद्यावधिक/सुदृढीकरण आदि जस्ता आवश्यक सुधारात्मक कार्यहरू गर्ने।

(१८) प्रणालीको सहज सञ्चालनको लागि प्रणाली परीक्षण, प्रयोगकर्ता स्वीकृति परीक्षण, कार्यसम्पादन परीक्षण र अन्य आवश्यक परीक्षणहरू गर्ने।

(१९) रिपोर्टिङ प्रणालीहरू आवश्यकता अनुसार विकास गर्ने।

(२०) तथ्याङ्क प्रक्षेपणका रिपोर्टहरू, ग्राफहरू, नक्साहरू, इन्फो ग्राफिक्सहरूका लागि मोड्युलहरूको विकासमा सहकार्य गर्ने र मासिक आधारमा विश्लेषण गर्ने।

(२१) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वेबसाइट, इमेल प्रणालीहरूको आवश्यक प्रवन्ध गर्ने विकसित प्रणालीको लागि प्रशिक्षण सञ्चालन गर्ने।

(२२) विश्व बैंक परियोजना टोली र समीक्षा मिसनहरूको समयमा विभिन्न लाइन मन्त्रालयहरू र समकक्षहरूसँग बैठक छलफलमा भाग लिने।

(२३) सूचना प्रविधि सम्बन्धी बिषयमा इकाईलाई विज्ञको रुपमा सल्लाह दिने,

(२४) राष्ट्रिय आयोजना निर्देशकको निर्देशन अनुसार अन्य कुनै सूचना प्रविधि सम्बन्धी कार्य गर्ने।

**<u>(ख) सूचना प्रविधिक विज्ञ/अधिकृतको न्यूनतम शैक्षिक योग्यता र अनुभवः</u>**

(१) प्रविधि विषयमा स्नातक तह उतीर्ण गरी सफ्टवेयर विकासमा ३ वर्ष भन्दा बढी अनुभव भएको,

(२) रोजगार व्यवस्थापन सूचना प्रणालीको विस्तृत कोडको विश्लेषण गरी प्रणालीको अवस्थित आधारभूत डिजाइनको आधारभूत आधारमा प्रणालीलाई सुदृढीकरण गर्ने,

(३) सफ्टवेयर विकासका लागि प्रयोग हुने उपकरण, प्रोग्रामिङ्ग र डाटाबेस व्यवस्थापनको कम्तिमा एक वर्ष भन्दा बढी अनुभव भएको,

(४) इन्टरप्राइज सफ्टवेयर आर्किटेक्चर क्षेत्रमा कम्तिमा ३ वर्ष भन्दा बढी भएको,

(५) डाटा व्याकअप प्रणाली, हार्डवेयर मूल्याङ्कन र कमिसनिङमा अनुभव भएको,

(६) विभिन्न चरणहरूमा सफ्टवेयर/हार्डवेयर विकास, स्थापना र सञ्चालन र अनुगमनको अनुभव भएको,

(७) सफ्टवेयर विकास, नेटवर्किङ र सुरक्षा प्रविधिहरूसँग सम्बन्धित ज्ञान तथा अनुभव भएको,

(८) प्रणाली विश्लेषण, RDBMS अवधारणाहरू र आई.टी. परियोजना कार्यान्वयनमा विशेष ज्ञान भएको,

(९) Laravel Framework, PHP, MySQL/MariaDB, Linux, Windows, CSS जस्ता अन्य प्रविधिहरूको ज्ञान र अनुभव भएको।

**(४) स्थानीय तहको रोजगार सेवा केन्द्रमा रहने आयोजनाका कर्मचारीको कार्यविवरण, योग्यता र अनुभव देहाय अनुसार हुनेछः-**

**क.** <u>रोजगार सहायक</u>:

**क) रोजगार प्रवर्द्धन सेवा सम्बन्धी कार्यहरु,**

- सञ्चार, पहुँच र सूचना प्रवाहको लागि सामाजिक परिचालन गर्ने,
- बेरोजगार तथा रोजगारी तथा स्वरोजगारी तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने,
- रोजगारी तथा स्वरोजगारीमा बेरोजगार व्यक्तिहरुलाई संलग्न गराउन आवश्यक सहजिकरण गर्ने,
- रोजगार विनिमय सेवाको सञ्चालन गर्ने गराउने,
- रोजगार सेवाको प्रवर्द्धनका लागि प्राप्त आवेदनका तथ्याङ्कलाई व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने,
- रोजगारी विनिमय सेवाको लागि लाभग्राहीको प्रोफाइलिङ गर्ने तथा सम्भाव्य रोजगारीका अवसरमा नियुक्तिका लागि सहजिकरण गर्ने,

ख) **सीप विकास तथा क्षमता अभिवृद्धि, स्वरोजगार, सार्वजनिक तथा निजी क्षेत्रको रोजगार विनिमय, सुरक्षित आप्रवासन लगायतको रोजगार प्रवर्द्धनकारी सेवा तथा अवसरको नक्शांकनका लागि देहायका कार्यहरु गर्ने:**

- सेवा तथा सुविधाको जानकारी संकलन, प्रसोधन, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने,
- नियमित रुपमा स्थानीय रोजगारीका अवसर तथा सोको लागि आवश्यक सीपको बारेमा सूचना संकलन गर्न निजी तथा सरकारी रोजगार दातासंग नियमित परामर्श गर्ने,
- रोजगार सेवा केन्द्र मार्फत रोजगारीको खोजीमा रहेका व्यक्तिहरुलाई श्रम बजारको मागको जानकारी उपलब्ध गराउने एवम् पहुँचका क्रियाकलाप गर्ने,
- रोजगारीको खोजी गरेका व्यक्तिहरुलाई रोजगारी, स्वरोजगारी, सीप लगायतका विषयमा परामर्श दिने तथा उपयुक्त सिफारिस सेवा प्रदान गर्ने,
- प्रधानमन्त्री रोजगार कार्यक्रम र आयोजनाका लागि संचार, पहुँच र सूचना प्रवाहका क्रियाकलाप गर्ने,
- लाभग्राहीहरु लाई बैंक खाता खोल्न सहजिकरणका लागि आवश्यक समन्वयन गर्ने,

ग) **रोजगारीमा सहयोग पुऱ्याउने सम्बन्धी कार्यहरु**,

- स्थानीय स्तरमा सञ्चालन भएको आयोजनाको क्रियाकलापहरुको गुणस्तर परिक्षण तथा आवश्यकता अनुसार गुणस्तर सुधारको लागि सिफारिस गर्ने,

घ) **रोजगार सेवा केन्द्रलाई सहयोग गर्ने सम्बन्धी कार्यहरु**,

- व्यवस्थापन सूचना प्रणालीमा तथ्यांक प्रविष्टी एवम् आवश्यकता अनुसार फलोअप गर्ने,
- वडा मार्फत संकलन भएका बेरोजगार व्यक्तिहरुको आवेदन एवम् रोजगार सेवा प्रवर्द्धन कार्यका आवेदन संकलन गर्ने, विवरण पूर्ण भएको सुनिश्चित गर्ने र सो नभएको सम्बन्धित वडा कार्यालयमा पुर्णताको लागि पठाउने,

ङ) **अन्य प्रशासनिक कार्यहरु**,

- आयोजना तथा कार्यक्रममा प्राप्त गुनासोको व्यवस्थापन गर्ने,
- रोजगार सेवा केन्द्रमा आयोजनाको प्रशासनिक कार्यहरु गर्ने।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र आयोजनाको कार्यान्वयनका लागि आवश्यकता अनुसार वस्तु तथा सेवाको खरिद कार्यमा सथानीय तहलाई सहयोग गर्ने,
- आयोजनाको संरक्षणका क्रियाकलापहरु भएको सुनिश्चित गर्ने,
- रोजगार संयोजक तथा प्रमुख प्रशासकीय अधिकृतको निर्देशनानुसार आयोजना सम्बन्धी अन्य कार्यहरु गर्ने।

**रोजगार सहायकको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(क) रोजगार सहायक पदको लागि प्रविणताप्रमाण पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको हुनु पर्नेछ,

(ख) रोजगार सहायक दुवै पदको लागि देहायका सीप आवश्यक पर्नेछ:

- माइक्रोसफ्ट अफिस सहितको कम्प्युटर प्रयोग गर्न सक्ने,
- विभिन्न आवधिक प्रतिवेदनतयारगर्न सक्ने,
- लेखा तथा वित्तीय व्यवस्थापनको ज्ञान भएको,
- आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न समुहमा काम गर्न सक्ने,
- प्रविधिको प्रयोग तथा नयाँ सीप सिक्न सक्ने
- सामाजिक परिचालन तथा सो सम्बन्धी क्रियाकलाप सञ्चालनको अनुभव भएकालाई ग्राह्यता।

ख. <u>प्राविधिक सहायक</u>:

**(१) प्राविधिक सहायकका काम, कर्तव्य र जिम्मेवारीः**

(क) सार्वजनिक रोजगार सिर्जनाका लागि रोजगार सेवा केन्द्र र रोजगार उपभोक्ता समूह वीच समन्वय गर्ने,

(ख) हाजिरी तथा आयोजनामा भएको भौतिक प्रगति अनुसारको लाभग्राहीको पारिश्रमिक विवरण तयार गर्ने।

(ग) सार्वजनिक पूर्वाधार मार्फत रोजगारी सिर्जनाका लागि पूर्व सम्भाव्यता, सम्भाव्यता, डिजाइन, विस्तृत लागत अनुमान र अन्तिम मूल्याङ्कन गर्ने,

(घ) आयोजनाको प्राविधिक अनुगमन तथा सुपरीवेक्षण गरी तोकिएको गुणस्तर कायम गर्ने,

(ङ) रोजगार आयोजना सञ्चालनका लागि श्रमिक तथा रोजगार उपभोक्ता समितिलाई रोजगार आयोजनाको प्राविधिक पक्षमा अभिमुखिकण प्रदान गर्ने।

(च) रोजगार आयोजनाको व्यवस्थापन र कार्यान्वयनमा स्थानीय तहलाई सहयोग गर्न देहायका क्रियाकलाप गर्ने:

(१) लाभग्राही हाजिरी राख्न लगउने र ज्यालाको भुक्तानी बैङ्क मार्फत गर्न सहजिकरण गर्ने,

(२) वार्षिक आर्थिक योजना र बजेट निर्माण प्रक्रिया, योजनाको समीक्षा, तथा रोजगारमूलक योजना छनौटमा सहयोग गर्ने।

(३) आवश्यकता अनुसार रोजगार आयोजनाहरूको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

(छ) कार्यगत तालिम तथा जीवन उपयोगी सीप विकास तालिमको योजना, सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग गर्न देहाय बमोजिमका जिम्मेवारी वहन गर्ने:

(१) कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिम कर्तालाई कामदार/प्रशिक्षार्थीहरुको संख्या, तालिम स्थल/केन्द्रको छनौट र लाभग्राही/प्रशिक्षार्थीहरुलाई तालिमको मिति र स्थानको जानकारी उपलव्ध गराउने।

(२) इकाई मार्फत सञ्चालन गरिएको तालिमको गुणस्तर तोकिएको मापदण्ड बमोजिम भएको सुनिश्चित गर्ने,

(३) रोजगार संयोजक र रोजगारी सहायक संग समन्वय गरेर प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीलाई दिएका कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिमको जानकारी अद्यावधिक गर्ने।

(च) स्थानीय तहको सम्बन्धित प्राविधिक कर्मचारी संगको आपसी समन्वयमा कार्य गर्ने।

(छ) रोजगार संयोजक र प्रमुख प्रशासकिय अधिकृतले तोके बमोजिम आयोजना संग सम्बन्धित अन्य कार्य गर्ने।

**(ख) प्राविधिक सहायकको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

१) सिभिल इन्जिनियरिङ्गमा प्रविणताप्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमातहउत्तिर्ण भएको।

२) प्राविधिक सहायकमा देहायका न्यूनतम सीप तथा दक्षता आवश्यक पर्नेछ:

- आधारभूत कम्प्युटर सीप

- विद्यमान पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतीका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने तथा विश्लेषण गर्न सक्ने,
- आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा कामगर्ने अनुभव भएको, र,
- उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धि सीप भएको।

**ग. <u>युवा सहजकर्ता</u>ः**

**(१) युवा सहजकर्ताको काम, कर्तव्य र जिम्मेवारीः**

(क) महिला लक्षित रोजगारीका लागि तयार रोजगार क्लबहरु (रोजगार क्लब) गठन, सञ्चालन र व्यवस्थापन एवम् सो को पहुँच सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने,

(ख) क्लबको लागि समूहको गठन गर्ने तथा क्लवको सदस्यता वितरणमा सहजिकरण गर्ने,

(ग) क्लवको समग्र व्यवस्थापन गर्ने गराउने,

(घ) स्थानीय तहहरु वा रोजगार संयोजक हरुले तोके बमोजिम आयोजनासंग सम्बन्धित कार्यहरुमा सहयोग गर्ने।

**(२) युवा सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता र अनुभव**

क) सामाजिक शिक्षा, शिक्षा शास्त्र, मनोविज्ञान, सामाजिक सेवा वा सो सम्बन्धी विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण भएको हुनुपर्नेछ।

ख) युवा सहजकर्तामा देहायका न्यूनतम सीप आवश्यक पर्नेछन्:


- समूह परिचालन तथा व्यवस्थापन
- नवप्रवर्तन,
- श्रम बजार तथा सोको लागि आवश्यक पर्ने सीप तथा क्षमताको सम्बन्धमा ज्ञान भएको।
- प्रभावकारी सञ्चार तथा क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्न सक्ने,
- दक्ष पारस्परिक कौशल,
- समूहमा कामगर्ने क्षमता
- विविधता व्यवस्थापन
- युवावस्थाका महिलाको सामाजिक परिचालन एवम् क्षमता अभिवृद्धि गर्न सक्नेलाई ग्राह्यता।

(५) आयोजना अन्तर्गत कार्यगर्ने अन्य कर्मचारी तथा परामर्शदाताहरुको कार्य क्षेत्रगत शर्तहरु आयोजना निर्देशकले तोके बमोजिम हुनेछ। साथै कर्मचारी तथा परामर्शदाताहरुको कार्यक्षेत्रगत शर्तहरु परिमार्जन गर्न आवश्यक भएमा आयोजना निर्देशकको निर्णयानुसार परिमार्जन गर्न सकिनेछ।

## अनुसूची - ३

## (दफा ४४ को उपदफा (८) सँग सम्बन्धित)

# आयोजनाको कोष प्रवाह चार्ट



अनुसूची -४

(दफा ५८ सँग सम्बन्धित)

आयोजना अन्तर्गत हुने खरिद विधिको सारांस

| क्र.स. | खरिद विधि | नमुना बोलपत्र | प्रयोग गरिने खरिद विधि | बजार पहँच | अधिकतम लागत सिमा अमेरिकी डलरमा | कैफियत |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय/अन्तराष्ट्रिय स्तरको खरिद — इकाईका लागि | | | | | | |
| मालसामान, सूचना प्रविधि, गैर परामर्श सेवा | बोलपत्र | विश्व बैंक बाट स्विकृत नमुना बोलपत्र सम्बन्धी कागजात | विश्व बैंकको खरिद नियम वा सार्वजनिक खरिद ऐन तथा नियम | खुला-राष्ट्रिय स्तरको प्रतिस्पर्धा | दस लाख डलर भन्दा कम | विश्व बैंक बाट स्वीकृत खरिद योजना बमोजिम हुनुपर्ने |
| मालसामान, सूचना प्रविधि, गैर परामर्श सेवा | बोलपत्र | विश्व बैंकको बोलपत्र सम्बन्धि कागजात | विश्व बैंकको खरिद नियम | खुला- अन्तराष्ट्रिय स्तरको प्रतिस्पर्धा | दसलाख डलर भन्दा बढी | विश्व बैंक बाट स्वीकृत खरिद योजना बमोजिम हुनुपर्ने |
| निर्माणकार्य | बोलपत्र | विश्व बैंक बाट स्विकृत नमुना बोलपत्र सम्बन्धी कागजात | सार्वजनिक खरिद ऐन तथा नियम | खुला-राष्ट्रिय स्तरको प्रतिस्पर्धा | पचास लाख डलर भन्दा कम | विश्व बैंक बाट स्वीकृत खरिद योजना बमोजिम हुनुपर्ने |
| निर्माणकार्य | बोलपत्र | विश्व बैंक को बोलपत्र सम्बन्धि कागजात | विश्व बैंकको खरिद नियम | खुला- अन्तराष्ट्रिय स्तरको प्रतिस्पर्धा | पचास लाख डलर भन्दा बढी | विश्व बैंक बाट स्वीकृत खरिद योजना बमोजिम हुनुपर्ने |
| मालसामान, | दरभाउ पत्र | विश्व बैंक बाट | सार्वजनिक खरिद ऐन | खुला वा सिमित | पच्चीस हजार डलर | बोलपत्र र कार्यसम्पादन |

| क्र.स. | खरिद विधि | नमुना बोलपत्र | प्रयोग गरिने खरिद विधि | बजार पहँच | अधिकतम लागत सिमा अमेरिकी डलरमा | कैफियत |
|---|---|---|---|---|---|---|
| निर्माणकार्य, गैर परामर्श सेवा | | स्विकृत नमुना बोलपत्र सम्बन्धी कागजात | तथा नियम | प्रतिष्पर्धा | भन्दा कम | सुरक्षण अनिवार्य नहुने, विश्व बैंक बाट स्वीकृत खरिद योजना बमोजिम हुनुपर्ने । |
| मालसामान, निर्माणकार्य, गैर परामर्श सेवा | सिधै खरिद | विश्व बैंक बाट स्विकृत नमुना बोलपत्र सम्बन्धी कागजात | विश्व बैंकको खरिद नियम | एकल श्रोत | सिमा नहुने | पर्याप्त पुस्टयाइ सहित सिधा खरिदका कारणहरु सहित विश्व बैंक बाट स्वीकृत खरिद योजना बमोजिम हुनुपर्ने। |
| परामर्श सेवा | • गुणस्तर तथा लागत विधि<br>• निश्चित बजेट<br>• न्यून लागत विधि<br>• गुणस्तरमा आधारित विधि<br>• परामर्श सेवाको योग्यतामा आधारित विधि<br>• सिधै खरिद | विश्व बैंकको प्रस्ताब सम्बन्धि कागजात | विश्व बैंकको खरिद नियम | • खुल्ला प्रतिस्पर्धा<br>• सिमित प्रतिस्पर्धा<br>• एकल श्रोत | • तिन लाख लाख डलर भन्दा कम का लागि खुला-राष्ट्रिय स्तरको, सूचना प्रकाशन गर्नु पर्ने।<br>• तिन लाख डलर वा सो भन्दा बढी का लागि खुला- अन्तराष्ट्रिय स्तरको, सूचना प्रकाशन गर्नु पर्ने। | विश्व बैंक बाट स्वीकृत खरिद योजना बमोजिम हुनुपर्ने । |

| क्र.स. | खरिद विधि | नमुना बोलपत्र | प्रयोग गरिने खरिद विधि | बजार पहँच | अधिकतम लागत सिमा अमेरिकी डलरमा | कैफियत |
|---|---|---|---|---|---|---|
| व्यक्ति परामर्शदाता | • खुल्ला आशय पत्र<br>• सिमित व्यक्तिबाट आशय पत्र<br>• सिधै आशय पत्र | विश्व बैंकको नमुना बोलपत्र सम्बन्धि कागजात | विश्व बैंकको खरिद नियम | • खुल्ला प्रतिस्पर्धात्मक छनौट<br>• सिमित व्यक्तिबाट प्रतिस्पर्धात्मक छनौट<br>• एकल श्रोत | तिन लाख लाख डलर भन्दा कम का लागि खुला- राष्ट्रिय स्तरको सूचना प्रकाशन गर्नु पर्ने<br><br>तिन लाख डलर वा सो भन्दा बढी का लागि खुला-अन्तराष्ट्रिय स्तरको सूचना प्रकाशन गर्नु पर्ने। | सिधा खरिद गर्दा पुष्टयाइ सहित अधिकतम ६ महिनासम्म खरिद गर्न सकिने, सिमित प्रतिष्पर्धाको हकमा विधि पूर्वक तयार गरेको मौजुदा सुचिबाट सिमित मात्र प्रतिष्पर्धी हुने अवस्था र खुला प्रतिष्पर्धा भन्दा सिमित प्रतिस्पर्धा मितव्ययी र उपयुक्त हुने अवस्थामा। |

| क्र.स. | खरिद विधि | नमुना बोलपत्र | प्रयोग गरिने खरिद विधि | बजार पहुँच | अधिकतम लागत सिमा अमेरिकी डलरमा | - कैफियत |
|---|---|---|---|---|---|---|
| **समुदायद्वारा सञ्चालित विकास (Community- Driven Development) (स्थानीय निकायले प्रयोग गर्न सक्ने खरिद विधि)** | | | | | | |
| निर्माण कार्यको खरिद | समुदायद्वारा सञ्चालित विकास | सार्वजनिक खरिद अनुगमन कार्यालयले | सार्वजनिक खरिद ऐन तथा नियम | खुला वा सिमित प्रतिष्पर्धा, | रु २० लाख भन्दा कमको खरिद गर्दा | - सार्वजनिक खरिद ऐन तथा नियम प्रयोग गर्नुपर्ने,<br>- खरिद योजना STEP मा Upload गर्नु नपर्ने,<br>- केन्द्रिय परियोजना व्यवस्थापन इकाइ ले त्यस्ता खरिदको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय | कार्यक्रम | जारी गरेको बोलपत्र सम्बन्धि कागजात | | सिधा खरिद | | अनुगमन र परिक्षण गर्नुपर्ने।<br>- सिधा खरिद को हकमा, सिधै खरिद गर्नको कारण र पर्याप्त पुस्टयाइ हुनुपर्ने ।<br>- सिमित प्रतिष्पर्धाको हकमा स्थानीय तहले विधिपूर्वक तयारगरेको मौजुदा सुचिबाट सिमित मात्र प्रतिष्पर्धी हुने अवस्था र खुला प्रतिष्पर्धा भन्दा सिमित प्रतिस्पर्धा मितव्ययी र उपयुक्त हुने अबस्थामा । |
| मालसामान, निर्माणकार्य, गैर परामर्श सेवा वा परामर्श सेवा कार्यको खरिद | समुदायद्वारा सञ्चालित विकास कार्यक्रम<br>(स्थानीय निकायले मात्र प्रयोग गर्न सक्ने) | सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको बोलपत्र सम्बन्धि कागजात | सार्वजनिक खरिद ऐन तथा नियम | खुला वा सिमित प्रतिष्पर्धा र सिधा खरिद | रु १० लाख वा सो भन्दा बढीको खरिद गर्दा | - सार्वजनिक खरिद ऐन तथा नियम प्रयोग गर्नुपर्ने,<br>- खरिद योजना STEP मा Upload गर्नु नपर्ने,<br>- केन्द्रिय आयोजना व्यवस्थापन इकाइ ले त्यस्ता खरिदको अनुगमन र परिक्षण गर्नुपर्ने।<br>- सिधा खरिद को हकमा, सिधै खरिद गर्नको कारण र पर्याप्त पुस्टयाइ हुनुपर्ने ।<br>- सिमित प्रतिष्पर्धाको हकमा स्थानीय तहले विधिपूर्वक तयारगरेको मौजुदा सुचिबाट सिमित मात्र प्रतिष्पर्धी हुने अवस्था र खुला प्रतिष्पर्धा भन्दा सिमित प्रतिस्पर्धा मितव्ययी र उपयुक्त हुने अबस्थामा । |

**अनुसूची - ५**

**(दफा ७१ को उपदफा (१) सँग सम्बन्धित)**

**गुनासोको वर्गिकरण**

| कोड | गुनासोको प्रकार |
|---|---|
| ०००१ | टिप्पणी, सुझाव र प्रश्नहरु। |
| ०००२ | भुक्तानीसँग सम्बन्धित उजुरी। |
| ०००३ | कर्मचारीले आयोजनाको जिम्मेवारी पूरा नगरेको सम्बन्धी उजुरीहरु। |
| ०००४ | ठगी वा भ्रष्ट्चारसम्बन्धी उजुरीहरु। |
| ०००५ | आयोजना सञ्चालनका क्रममा भएका दुर्घटना सम्बन्धमा गुनासोहरु। |
| ०००६ | लाभग्राहीको सूचीकरण सम्बन्धमा भएको गुनासोहरु। |
| ०००७ | आयोजनाबाट प्रतिकूल असर पर्ने व्यक्ति वा समुदायसँग सम्बन्धित उजुरीहरु। |
| ०००८ | ईच्छा विपरीत/नचाहेको कार्य गराउन/रोजगारीमा लगाउन चाहेमा, भेदभाव गरेमा, सेवा शर्त सम्बन्धी कानून बाहेक रोजगारीबाट हटाएमा, झुट्टा विवरण तथा कागजात पेश गरी सहायता लिएमा, बेरोजगार सहायता रकमको दुरुपयोग लगायतका बिषयका उजुरीहरु। |
| ०००९ | रोजगार प्रवर्द्धन सेवा/परामर्श/रेफरल सेवा सम्बन्धी गुनासोहरु। |
| ००१० | अन्य विविध। |

**अनुसूची ६**

**(दफा ७२ को उपदफा (६) सँग सम्बन्धित)**

**गुनासो फछ्यौंट सम्बन्धी विवरण**

| क्र.सं. | गुनासोकर्ताको नाम | गुनासोको व्यहोरा | गुनासो फछ्यौंटको विवरण | माथिल्लो निकायमा पठाएको भए सो को विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची - ७**

**(दफा ७३ को उपदफा (३) सँग सम्बन्धित)**

**आयोजनाको नतिजा सूचक**

**(१) आयोजनाको मूल उद्देश्य अनुसारका सूचकहरु**

| **सूचकको नाम** | **सूचकमा आधारित सोधभर्ना** | **आधार तथ्याङ्क (Baseline)** | **लक्ष्य (End Target)** |
|---|---|---|---|
| बिशेषगरी युवाहरुको रोजगार सेवा र श्रम बजारको नतिजामा सुधार ल्याउने | | | |
| आयोजना द्वारा सहयोग प्राप्त गरेका व्यक्तिहरु (लिङ्ग र उमेर समूहका आधारमा) जसले दर्ता गरेको एक वर्ष भित्र तालिम, अस्थायी काम अथवा रोजगारको अवसर पाएको (संख्या) | | ०.०० | १,८८,०००.००[१३] |
| स्थापित र परिचालित भएका रोजगार सेवा केन्द्रको संख्या (संख्या) | | ०.०० | ७५३.०० |
| आयोजनाको कूल युवा लाभग्राही (प्रतिशत) | | ०.०० | ६०.०० |

**(२) कम्पोनेन्टका आधारमा मध्यवर्ती नतिजा सूचकहरु**

| **सूचकको नाम** | **सूचकमा आधारित सोधभर्ना** | **आधार तथ्याङ्क (Baseline)** | **लक्ष्य (End Target)** |
|---|---|---|---|
| **कम्पोनेन्ट १ रोजगार प्रवर्द्धन प्रणाली र सेवाहरुको सुदृढीकरण** | | | |
| लैगिंक संवेदनशीलता विस्तार अभियान सन्चालन भएका स्थानीय तह (संख्या) | | ०.०० | ७५३.०० |
| रोजगार सेवा केन्द्रका कर्मचारीहरुले केन्द्रका कार्यहरु प्रदान गर्न तालिम प्राप्त गरेका स्थानीयतह (संख्या) | | ०.०० | ७५३.०० |
| राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली स्थापित र परिचालित (विषयवस्तु) | | रोजगारी पोर्टल समेतको राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (रोजगार व्यवस्थापन सूचना प्रणाली) को अस्थायी | राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको मुख्य खाका स्थापीत गर्ने।[१४] |

[१३] पहिलो संशोधनबाट संशोधित

[१४] पहिलो संशोधनबाट संशोधित

| सूचकको नाम | सूचकमा आधारित सोधभर्ना | आधार तथ्याङ्क (Baseline) | लक्ष्य (End Target) |
|---|---|---|---|
| | | रोजगार मापक निर्माणको क्रममा | |
| **कम्पोनेन्ट२ः जोखिमपूर्ण अवस्थामा रहेका समुहको श्रम बजार नतिजामा सुधार ल्याउने** | | | |
| अस्थायी रोजगार कार्यक्रम द्वारा सिर्जना गरेका रोजगारीका दिनहरुको संख्या (हजारमा) | | ०.०० | १२,१००.००[१५] |
| काम स्थलमा आधारित तालिम तथा जीवन उपयोगी सीप विकास तालिम प्राप्त गर्ने लाभग्राही (संख्या) | | ०.०० | २१,०००.०० |
| अस्थायी रोजगार कार्य क्रमको व्यवस्थापन र कार्यान्वयनको तालिम प्राप्त गरेका स्थानीय तहको संख्या (संख्या) | | ०.०० | ७५३.०० |
| सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राही (CRI, संख्या) | | ०.०० | १२१,०००.००[१६] |
| सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राही-महिला (CRI, संख्या) | | ०.०० | ७२,६००.००[१७] |
| **कम्पोनेन्ट ३. आयोजनाको व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र क्षमता विकास** | | | |
| आयोजनाको सेवा प्रवाह सम्बन्धी दर्ता गरिएका गुनासोहरुको सम्बोधन (प्रतिशत) | | ०.०० | ८०.०० |
| रोजगार सेवा प्राप्त गरेका आयोजनाका सन्तुष्ट लाभग्राहीहरु (लिङ्गका आधारमा प्रतिशत) | | ०.०० | ८०.०० |
| **कम्पोनेन्ट ४. आपतकालीन आकस्मिक प्रतिकृया** | | | |
| आयोजना द्वारा कोभिड-१९ महामारीको समयमा अस्थायी काम अथवा रोजगारको अवसर पाएको प्राप्त गरेका थप व्यक्तिहरु (लिङ्ग र उमेर समूहका आधारमा) | | ०.०० | ६३,९००.०० (करिब ५ लाख कार्यदिनको रोजगार सिर्जना गर्ने) |

[१५] पहिलो संशोधनबाट संशोधित

[१६] पहिलो संशोधनबाट संशोधित

[१७] पहिलो संशोधनबाट संशोधित

## अनुसूची - ८

**(दफा ७३ को उपदफा (३) सँग सम्बन्धित)**

**आयोजनाको नतिजा मापन तालिका**

| सूचकको नाम | विवरण | तथ्याङ्क संकलनको समय | श्रोत | विधिक | जिम्मेवारी |
|---|---|---|---|---|---|
| आयोजना द्वारा सहयोग प्राप्त गरेका व्यक्तिहरु (लिङ्ग र उमेर समूहका आधारमा) जसले दर्ता गरेको एक वर्ष भित्र तालिम, अस्थायी काम अथवा रोजगारीको अवसर प्राप्त गरेका छन (संख्या) | रोजगार सम्बन्धी सेवा प्राप्त गर्नका लागि युवाहरुले रोजगार सेवा केन्द्रहरुमा दर्ता गर्नुपर्नेछ।<br>सूचकले ती व्यक्तिहरुको संख्यालाई जनाउँछ जसलाई दर्ताभएको एकबर्ष भित्र रोजगार सेवा प्रदान गरिएको छ र जसले तिनवटा सेवाहरुमध्ये कुनै सेवा प्राप्त गरेको छ।<br>तथ्यांक लाई लिङ्ग र उमेरका आधारमा (नेपाल सरकार को युवाको परिभाषा संग मिल्ने गरी गर्न उमेर समूह १६-४०,४०+ युवा समूहलाई समावेश) र प्राप्त सेवाहरुको प्रकार द्वारा विभाजित गरिएको छ। | वार्षिक | नेमिस | नेमिस | मन्त्रालय |
| स्थापित र सञ्चालनमा भएका रोजगार सेवा केन्द्रको संख्या | सञ्चालित रोजगार सेवा केन्द्र भन्नाले निम्न मध्य कम्तिमा पनि तीन कार्य गर्न सक्षम भएको:<br>(१) ७५३ वटा स्थानीय तहका रोजगारको खोजीमा रहेका र बेरोजगार हरुलाई दर्ता, प्रोफाइलिंग र परामर्श दिनसक्ने,<br>(२) सिफारिस सेवा प्रदान गर्ने,<br>(३) अस्थायी रोजगारका प्रावधान लाई समन्वय गर्न सक्ने,<br>(४) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्न सक्ने र त्यसबाट प्रतिवेदन तयार गर्न सक्ने, | एकपटक | मन्त्रालयको प्रशासनिक तथ्याङ्क | मन्त्रालयको प्रशासनिक तथ्याङ्क | मन्त्रालय |
| आयोजनाका कूल युवा लाभग्राहीहरुको प्रतिशत (प्रतिशत) | १६-४० वर्षका रोजगार सेवा केन्द्रमा दर्ता भएका व्यक्तिहरु । | वार्षिक | नेमिस | नेमिस | मन्त्रालय |

## अनुसूची - ९

## (दफा ७४ को उपदफा (११) सँग सम्बन्धित)

## वातावरणीय तथा सामाजिक जोखिम निर्धारण तथा न्यूनीकरणका मार्गदर्शन

व्यक्तिगत, सामुहिक तथा समाजले देखेका विभिन्न जोखिमहरु र त्यसलाई सामना गर्न तथा जोखिमको प्रतिकुल प्रभाव नियन्त्रण गर्न उनीहरुको क्षमता विकास गर्न मद्दत गर्नु पर्नेछ। आयोजनाका गतिविधिलाई ध्यानमा राख्दै केहि सम्भावित सामाजिक जोखिम र प्रभाव मुल्यांकन निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| गतिविधि | सम्भावित जोखिम | जोखिम न्यूनीकरण |
|---|---|---|
| कम्पोनेन्ट १ | | |
| रोजगार सेवा केन्द्रहरु को कार्यनीतिक पहुँच र परिचालन मार्फत जोखिम अवस्थाका समूहहरुमा लक्षित पहुँच | सार्वजनिक रोजगारीका सम्बन्धमा सूचनाको अभाव | • औपचारिक रुपमा सहभागी हुन सहकर्मी समर्थन संयन्त्रको व्यवस्था एवं युवतीहरुको लागि महिला रोजगार क्लबहरुको स्थापना र सहजीकरण गर्ने।<br>• प्रिन्ट, रेडियो, टेलिभिजन आदि विभिन्न माध्यम, र स्थानीय भाषामा मार्फत वडा तहमा सार्वजनिक सूचना प्रसार प्रचार गर्ने। |
| | सार्वजनिक रोजगारीका सम्बन्धमा अभाव | • रोजगार सेवा केन्द्रहरुको कर्मचारी, सामाजिक परिचालनकर्ता र जानकारी प्रचारका लागि स्थानीय शिक्षित व्यक्तिबाट सहयोग लिने । |
| | महिला तथा समूहहरुको जोखिम अवस्थाका समूहको बेरोजगारी सम्वन्धी तथ्यांकको अभाव | • महिला, यूवा र अन्य सीमान्तकृत समूहका संगठनको विशिष्ट जानकारीको स्थानीय स्वयंसेवकहरु मार्फत प्रचार।<br>• स्थानीय महिला, युवा र अन्य नागरिक समाज संस्थाहरु, सामुदायिक संस्थाहरु, उपभोगकर्ता समितिहरुको परिचालन गरि जोखिम अवस्थाका समूहहरुलाई शिक्षित गर्ने।<br>• भिन्न डाटाबेस तयार गर्ने। |
| कम्पोनेन्ट २ | | |
| सामुदायिक पूर्वाधार मर्मत संभार तथा सम्पत्ति मर्मत सम्भार सम्बन्धी रोजगारीका अवसरहरु, सेवाहरुको प्रावधान | रोजगार उपलब्धता ज्ञानको अभाव | • रोजगार सेवा केन्द्रबाट आफै अथवा स्थानीय महिला, युवा, युवती, नागरिक समाज संस्थाहरु, सामुदायिक संस्थाहरु तथा अन्य स्थानीय तहका संसाधन उपभोगकर्ताहरुद्धारा सम्भावित लक्षित लाभग्राही हरुलाई जानकारी प्रदान गरिने। |
| | शारिरीक असक्षमताको कारण काम गर्न असक्षम | • लिङ्ग, जात–जातिय र अपाङ्गता भएका व्यक्ति हरुलाई भेदभाव नगरी रोजगार सेवा केन्द्रद्धारा स्थानीय तहसगं समन्वय गरेर उपयुक्त रोजगारी खोज्न सहजीकरण गरिने। |

| गतिविधि | सम्भावित जोखिम | जोखिम न्यूनीकरण |
|---|---|---|
| र लाभग्राहीहरुको रोजगारीता। | रोजगारीका लागि उपयुक्त सीपको अभाव | • रोजगारीका लागि आवश्यक सीप विकास गर्न तालिम प्रदान गर्ने।<br>• महिला र जोखिम अवस्थाका समूहका लागि आवश्यक पर्ने व्यक्तिगत विकास कौशल तालिम दिने। |
| | कार्य स्थानमा लैंगिक हिंसाको सम्भावना | • पुरुष र महिलालाई कार्यस्थलमा गर्नु पर्ने व्यवहार, आचार संहिता, यसको पालना र सम्भावित परिणामहरुमा अभिमुखीकरण र प्रशिक्षण दिने। |
| | जात–जातिय भेदभावको सम्भावना | • आयोजनामा आदिवासी जनजाती र जोखिम अवस्थाका समूहहरुलाई प्राथमिकता दिने। |
| | आयोजनाको क्रियाकलाप तयारी तथा कार्यान्वयन गर्दा वातावरणीय सूरक्षण नियमपालन सम्वन्धि ज्ञानको कमी | • वातावरणीय सूरक्षणको प्राविधिक पक्षलाई समेट्न, आयोजना व्यवस्थापन इकाइबाट सहकार्य गरी आयोजनाको क्रियाकलाप तयारी तथा कार्यान्वयन गर्दा वातावरणीय नियमपालन सम्वन्धि भए नभएको सुपरिवेक्षण गर्ने, स्थलगत अनुशिक्षण प्रदान गर्ने।<br>• आयोजनाको क्रियाकलापबाट वातावरणीय प्रभाव निरीक्षण गर्न वातावरणीय प्रभाव मूल्यांकनको चेकलिष्टहरुको बारेमा लाभग्राहीहरुलाई अभिमूखिकरण गरी सुसूचित गराउनु ।<br>• सम्भावीत वातावरणीय नकरात्मक प्रभावहरु (जस्तैः राष्ट्रिय निकुञ्जको विभाग, वन्यजन्तु आरक्ष आदि उल्लेख भएको क्षेत्रबाहेक अन्य वन र वन्यजन्तुको प्रवेश गर्ने क्षेत्रमा जोखिम, भू-क्षय, वायु प्रदुषण, पानीको गुणस्तरमा कुनै किसिमको ह्रस, पेशागत स्वास्थ्य र सुरक्षा आदी) लाई वातावरणीय व्यस्थापन योजना बनाउन लाभग्राहीहरुलाई सहजीकरण गर्नु र व्यवस्थापन योजना अनुरुप कार्यान्वयनमा नकरात्मक प्रभावहरु न्युनीकरणका उपायहरु परिपालाना गर्न लगाउनु।<br>• वातावरणीय सूरक्षण नियमपालन सूचकहरुको आधारमा मासिक, चौमासिक र वार्षिक रुपमा प्रगती प्रतिवेदन तयार गराउनु। |
| | सामुदायिक पूर्वाधार मर्मत संभार क्रियाकलापबाट पर्न सक्ने लाभग्राहीहरुमा नकारात्मक असर | • वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा अनुरुप प्रत्येक आयोजना क्रियाकलापको वातावरणीय तथा सामाजिक छनौट र त्यसपछि आवश्यकता अनुसार मूल्याङ्कन गरिनुपर्दछ ।<br>• कम्पोनेन्ट २ अन्तर्गतका क्रियाकलापहरु विद्यमान पूर्वाधारहरुको मर्मत सम्भारमा केन्द्रित हुने र कामदारहरुको |

| गतिविधि | सम्भावित जोखिम | जोखिम न्यूनीकरण |
|---|---|---|
| | जस्तै; पेशागत स्वास्थ्य तथा सुरक्षामा असर | नगद लाभ (पारिश्रमिक) मा मात्रै वित्तीय सहायता प्रदान गरिने भएकोले तिनीहरुका लागि छनौट गरि व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा र श्रमिकहरुको काम गर्ने अवस्था सम्बन्धी वातावरणीय व्यवस्थापन योजनाहरु आवश्यकता अनुसार प्रत्येक मर्मत सम्भार कार्यका लागि तयार गरिने। |
| | | • काम गर्ने स्थलमा सम्भाव्य दुर्घटना र स्वास्थ्य खतराहरुबाट कामदारलाई जोगाउन आवश्यक सुरक्षाका उपायहरु जस्तै पर्याप्त मात्रामा प्रकाश, सुरक्षित तवरबाट विद्युतीय तारहरु जडान जस्ता व्यवस्थाहरु मिलाइनेछ।<br>• कार्यस्थलमा राम्रोसंग वायु प्रवाहको व्यवस्था गरिनेछ, जसबाट कामदारहरु धुँवा र बाफ मिश्रित उच्चस्तरको घरभित्रको वायु प्रदुषण बाट प्रभावित हुनेछैनन्।<br>• कामदारलाई आवश्यक पर्ने सुरक्षात्मक उपायहरु, प्राथमिक उपचार सामाग्री तयारी अवस्थामा कार्यस्थलको सुरक्षित स्थानमा राखिनेछ।<br>• कामदारलाई शुद्ध पिउने पानी, शौचालय, सरसफाई आदिको व्यवस्था उचित प्रवन्ध मिलाईनेछ। |